अपराजित
Undefeated spirit of Unilever Nepal

UNILEVER NEPAL LIMITED

30th Anniversary
हरेक घरमा, हरेक मनमा

# ३०औं वार्षिक साधारण सभा

## २६ मंसिर २०८०

(१ श्रावण २०७९ देखि आषाढ २०८० सम्म)

# विषय सूची


क) सिंहावलोकन

हाम्रो बारेमा ........ २
विगत ३० वर्षको विरासतमा निर्माण ........ ३
हाम्रो उद्देश्य ........ ४
समग्र रणनीतिक उद्देश्य ........ ५
नेपाली जनताको ऐक्यबद्धतामा उभिएर ........ ६
सञ्चालक समिति परिचय ........ ७
संगठनात्मक संरचना ........ ९
अध्यक्षको मन्तव्य ........ १०
प्रबन्ध निर्देशकको मन्तव्य ........ १३
साधारणसभाको सूचना ........ १५
सञ्चालक समितिको वार्षिक प्रतिवेदन ........ १६
युनिलिभर कम्पास ........ १८
व्यावसायिक सामाजिक उत्तरदायित्व तथा दिगोपन अद्यावधिक ........ १८

ख) व्यवसाय प्रकार्य अद्यावधिक

ब्रान्ड र नवीनता सहितको सफलता ........ २१
बजारक्षेत्रमा सफलता ........ ३२
आपूर्ति श्रृङखला जीत हासिल गर्दै ........ ३३
हाम्रा परिवारसँगको जीत ........ ३४
फ्युचर फिट फाइनान्स ........ ३६
विश्व स्तरीय कानून ........ ३९
प्रशंसा तथा आभार ........ ४०

ग) कर्पोरेट शुशासन

संचालक समिति, प्रबन्ध निर्देशक र नेतृत्व टोली ........ ४२
संचालक समिति ........ ४२
समितिहरुको प्रमुख जिम्मेवारीहरु ........ ४२
जोखिम समीक्षा ........ ४३-४४
मानव पूँजी ........ ४५

घ) रिपोर्टहरु

कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) बमोजिमको अतिरिक्त जानकारी ........ ४६
धितोपत्र दर्ता र जारी विनियम, २०७३ का नियम २६(२) अन्तर्गत खुलासा ........ ४८
सूचीकृत कम्पनीहरुका लागि संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को नियम २०(४) बमोजिमको खुलासा ........ ४९

ङ) शेयरधनीहरु/शेयर रजिष्ट्रार जानकारी

यू. एन. एलको शेयर होल्डिङ्ग संरचना ........ ५०
शेयरधनीहरु सँगको सम्बन्ध ........ ५०
सेयरहोल्डर सम्बन्ध ........ ५०
राष्ट्रिय अर्थतन्त्रमा योगदान ........ ५१
शेयर बजार जानकारी ........ ५१
बजार पूँजीकरण ........ ५१
मूल्य थपिएको स्टेटमेन्ट ........ ५२
शेयरधनीहरुको गुनासोको समाधान ........ ५२

च) वित्तिय विवरण

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन ........ ५३
वित्तीय स्थितिको विवरण ........ ५६

# हाम्रो बारेमा

**युनिलिभर नेपाल लिमिटेड (संक्षिप्तमा यू. एन. एल) ३० बर्ष भन्दा लामो इतिहास बोकेको नेपालको सबैभन्दा ठूलो तीव्र गतिमा अगाडि बढिरहेको उपभोक्ताहरूको कम्पनी मध्य एक हो । सहृदयी बन्न, सुशिल-सुन्दर देखिन तथा जीवनबाट धेरै पाउन उद्धत एउटा उज्यालो भविष्य निर्माणको परिकल्पना गर्दै र हामीलाई एउटा अनुपम मौका दिदैं आएका १० नेपाली घरगृहस्थ मध्ये ९ ले हाम्रा उत्पादनहरू दिनानुदिन प्रयोग गर्छन् ।**

यस कम्पनीका साबुन, डिटर्जेन्ट, स्याम्पु, छालाको हेरचाह, टूथपेस्ट र सौन्दर्य प्रसाधनहरु सहित थुप्रै ब्रान्डहरु छन्। यस कम्पनीको नेपालभरका लाखौं उपभोक्ताहरूको दैनिक जीवनको हिस्सा हो। हाम्रो प्रयास उत्पादन नवाचार र मार्केटिङ गतिविधिहरूमा लगातार लगानी द्वारा समर्थित छ । यहाँको कम्पनीको उद्देश्य निर्देशित, स्पष्ट तथा सशक्त रणनीति छ–जसले निरन्तर, प्रतिस्पर्धी नाफामुलक तथा दीगो वृद्धि प्राप्त गर्न जोड गर्दछ । उद्देश्यमुलक विकास, उद्देश्यमुलक कम्पनीको स्थिरता र उद्देश्यमुलक मानवको उन्नति नै हाम्रो आशा हो । युनिलिभरका समय बाध्य प्रतिवद्धताहरू र कार्ययोग्य लक्ष्यहरू हुनछन् जसले हाम्रो समयको प्रमुख चुनौतीहरुलाई जस्तै प्याकेजिङ्ग र फोहोर, लैङ्गिक समानता,मानव अधिकार, र उचित मूल्य - र पक्कै पनि जलवायु परिवर्तन र सामाजिक समावेशीकरणलाई सम्बोधन गर्न मद्दत गर्दछ । संगठनलाई पुनःजीवित गर्ने हाम्रो निरन्तर




प्रयत्न र निरन्तर आविष्कारबाट अरूभन्दा अगाडि रहने प्रयासले हाम्रो अग्रतामा थप योग पुगेको छ । यसरी उपभोक्ताहरूको आवश्यकता पूरा गरिरहँदा यसले हाम्रो पदचापको गति बढाएको छ भने उच्च दरमा व्यवसाय वृद्धि समेत हुन पुगेको छ । उच्च मात्रा वृद्धि सँगै हामी मापन तथा दक्षताबाट लाभ प्राप्त गर्छौं र हामी हाम्रा बचत उत्पादन तथा नयाँ ब्राण्डहरुमा लगानी गर्दछौं जसबाट व्यवसाय वृद्धिका उच्चतम वृत्तिगत विन्दु प्राप्त हुन्छ हाम्रो व्यावसायिक सिद्धान्त (संहिता) र २४ वटा नीति (जसले यस कुरालाई सर्मथन गर्दछ), ले हाम्रो सबै मान्छेहरु बीचमा एउटा मापदण्ड स्थापित गरेको छ – जसको परिपालना गर्नु जरुरी छ। यो कुरा सबै कर्मचारीहरुको लागि एउटा सम्झौताहीन शर्त पनि हो । यी संहिता नीतिहरूले घुसखोरी, भ्रष्टचार विरोधी, आदर-सम्मान, स्वच्छ व्यवहार, वैयत्तिक डाटा तथा गोपनीयता ईत्यादि सहितका क्षेत्रहरू समेट्दछ । कोड र कोड नीतिहरूले सँगै हामीलाई प्रतिवद्धता, सम्मान, उत्तर दायित्व र अन्वेषण मा अग्रणी हाम्रो मूल्यहरुलाई व्यवहारमा रुपान्तरण गर्ने मद्दत गर्दछ ।

# विगत ३० वर्षको विरासतमा निर्माण

यो तपाईंको कम्पनीको गौरवशाली ३० वर्ष भएको छ। तपाईंको कम्पनीले यस यात्रामा धेरै उतारचढावहरु पार गरेको छ, अन्ततः आफूलाई देशको सबैभन्दा ठूलो FMCG उत्पादकको रूपमा स्थापित गरेको छ। तपाईंको कम्पनीले (पहिले नेपाल लिभर लिमिटेड) फेब्रुअरी १९९४ मा उत्पादन एक किलोग्राम प्याकमा ह्वील वाशिंग पाउडरको व्यावसायिक उत्पादनबाट सुरु गर्यो।

तपाईको कम्पनीले सन् १९९५ देखि निकासी गर्न थाल्यो र उत्पादनको तेस्रो वर्षदेखिनै नाफा कमाउन थाल्यो तथा २१ डिसेम्बर १९९५ मा आफ्नो पहिलो वार्षिक साधारण सभा सम्पन्न गर्‍यो। यद्यपि, नेपालबाट निर्यात देशहरु द्धारा सन् २००४ मा कम्पनीहरुको लागि कोटा-रहित निर्यात प्रणाली हटाउँदा निर्यात बन्द भयो ।



# हाम्रो उद्देश्य

**युनिलिभर नेपालको उद्देश्य हामी बस्ने साझा स्थललाई दिगो बनाउने हो ।**

हामीहरुले वातावरण परिवर्तन, प्लास्टिकबाट हुने प्रदुषण र असमानता जस्ता हाम्रा उपभोक्ता तथा सरोकारवालाहरुको गम्भीर चासोका विषयहरुको सामना गर्न महत्वकांक्षी र दिगो खालका प्रस्तावहरु छलफलका लागि तय गरेका छौं ।




हाम्रो कम्पास रणनीतिको केन्द्रविन्दुमा दिगो व्यापारले उत्कृष्ट कार्यसम्पादन गर्छ भन्ने कुरामा हाम्रो विश्वास रहेको छ । हाम्रो भिजन विश्वव्यापी दिगो व्यवसायमा अग्रता कायम गर्ने । हामी कसरी हाम्रो उद्देश्य-नेतृत्वमा, भविष्य-फिट व्यापार मोडेलले हाम्रो मध्य शीर्ष तेस्रोमा निरन्तर वित्तीय परिणामहरु प्रदान गर्दै, उच्च प्रदर्शनलाई ड्राइभ गर्छ भनेर प्रदर्शन गर्नेछौं ।

### दिगोपना

हामी हाम्रो वातावरणीय प्रभावहरुको व्यवस्थापनमा सुधार गर्न र दिगो व्यवसायको विकास गर्ने लक्ष्यमा प्रतिवद्ध छौं ।





### इमान्दारिता

हाम्रो मुल्य र मान्यता प्रति पुर्णरूपमा प्रतिवद्ध छौं भन्ने कुराको सुनिश्चितता प्रदान गर्न हामीसँग एक व्यवसायिक इमान्दारिताको संरचना रहेको छ ।

### सम्मान

हामी सबै कर्मचारीहरुले पारस्परिक विश्वास र सम्मानपूर्ण वातावरणमा काम गर्ने कुराको सुनिश्चितता गर्दछौं । हाम्रा व्यवसायहरु पनि सोही बमोजिम नै चल्नेछन ।





### जिम्मेवारी

हामी हाम्रा उपभोक्ताहरु, शेयरधनीहरु, कर्मचारीहरु र वातावरण प्रतिको दायित्वलाई राम्रोसँग बुझेका छौं । हामी उल्लेखित सबैलाई सकारात्मक प्रभाव पार्ने तरिकाले काम गर्दछौं ।

# समग्र रणनीतिक उद्देश्य

रणनीतिक विकासको आधारभूत कुराहरू



उद्देश्यपूर्ण ब्रान्डहरू:
हाम्रो वृद्धिलाई गति दिँदै हाम्रो उद्देश्य साथ भएका थप ब्रान्डहरु - किनभने उद्देश्यका साथ भएका ब्रान्डहरु छिटो बढ्छन्।

सुधारिएको प्रवेश:
रणनीतिक फोकस र उच्च उत्पादन गुणस्तर मार्फत द्रुत रूपमा हाम्रो साझेदारी बढाउँदै।





च्यानलको लागि डिजाइन (D4C):-
सन्तुष्ट खरिदकर्ताहरु जहिले पनि, जहाँ र जहाँ भए पनि उनीहरूले 'एक-क्लिक मा किनमेल गर्छन्।



प्रभावकारी नवीनता:
तेज रणनीतिहरु, निर्णायक विकल्पहरु र नवीनताको आनन्द मार्फत लाभदायक वृद्धि अनलक गर्दै।



विकासको लागि ईन्धन
प्रविधिको बढ्दो शक्ति प्रयोग गरी हाम्रो व्यवसाय सञ्चालन गर्न सजिलो बनाउँदै। हाम्रा मानिसहरूलाई विकासमा ध्यान केन्दित गर्न र भविष्यमा फिट बन्न स्वतन्त्र गर्दै।

# नेपाली जनताको ऐक्यबद्धतामा उभिएर

विगतका प्राकृतिक प्रकोपहरु जस्तै, २०२३ नोभेम्बर ३ मा जाजरकोट र पश्चिम रुकुम जिल्लामा गएको ६.४ म्याग्नीच्युडको भूकम्पमा कम्तिमा १५४ जनाको ज्यान गएको थियो, ३६४ जना घाइते भएका थिए, २६ हजार ५५७ घर पूर्णरूपमा र ३५,४५५ घर आंशिक रूपमा ध्वस्त हुँदा तपाईको कम्पनी नेपाल सरकारको साथमा उभिएको थियो । तपाईको कम्पनीले भूकम्प गएको भोलिपल्टै जाजरकोट र रुकुम जिल्लामा राहत सामग्री पुर्‍याउन सफल भएको थियो।तपाईको कम्पनीले भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माण र पुनर्स्थापनाका लागि नेपाल सरकारसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएको छ।





युनिलिभरद्वारा भूकम्पपीडितलाई राहत


युनिलिभरद्वारा भूकम्पपीडितलाई राहत प्रदान


CORPORATE NEPAL

युनिलिभर नेपालद्वारा भूकम्प पिडितहरुलाई राहत प्रदान


कान्तिपुर

भूकम्पपीडितलाई व्यक्ति वा संस्थाले सिधै राहत वितरण गर्न नपाउने


संसारन्यूज

युनिलिभर नेपालद्वारा भूकम्प पिडितहरुलाई राहत प्रदान

# सञ्चालकहरूको परिचय



श्री देव बाजपेई ने २०१० मा हिन्दुस्तान युनिलिभर लिमिटेडको कार्यकारी निर्देशक (ल एण्ड करपोरेट एफेएर्स) मा नियुक्त हुनुभएको थियो। उहाँ कम्पनी सचिवहरूको संस्थाको फेलो-मेम्वर हुनुका साथै दिल्ली विश्व विद्यालयबाट कानुनमा डिग्री हासिल गर्नु भएको छ । उहाँसंग कानुन, गभर्नेन्स्, कर तथा कर्पोरेट एफेयर्स जस्ता क्षेत्रहरूमा अटो मोबाईल्स, एफएनसीजी, हस्पिटालिटी एण्ड प्राईभेट ईक्विटी लगायतका विभिन्न उद्योगहरूमा कार्य गरेको तीन दशक लामो कर्पोरेट अनुभव छ । उहाँले मारुति उद्योग लिमिटेड, म्यारीको लिमिटेड, ईन्डियन होटेल्स कम्पनी लिमिटेड तथा आई. सि. आई. सि.आई भेन्चर फण्ड्स म्यानेजमेन्ट कम्पनी लिमिटेड जस्ता संगठनहरूमा काम गरि सक्नु भएको छ । उहाँले हार्वड ल स्कूलबाट कर्पोरेट काउन्सेलका लागि संचालित कार्यकारी कार्यक्रम (Executive Program) पनि सम्पन्न गर्नु भएको छ । हिन्दुस्तान युनिलिभर लिमिटेडमा कार्य सुरु गर्नु अघि उहाँ लिगल एण्ड कम्प्लाईन्स, आई.सीआई.सीआई. भेन्चर फण्ड्स म्यानेजमेन्ट कम्पनी लिमिटेडको वरिष्ठ संचालक हुनुहुन्थ्यो ।

**श्री देव बाजपेई**
**अध्यक्ष**



श्री अम्लान मुखर्जी युनिलिभर नेपाल लिमिटेडको प्रबन्ध निर्देशकको रुपमा अप्रिल, २०२० देखि काम गर्दै आउनु भएको छ । ग्लोबल र दक्षिण एसियामा साधारण प्रबन्ध, ब्राण्ड म्यानेजमेन्ट, सेल्स र मार्केटिङमा विभिन्न तहको भुमिका निर्वाह गरिसक्नुभएको श्री मुखर्जी संग २८ वर्ष भन्दा बढी कर्पोरेट अनुभव छ । कलकत्ता युनिर्भसिटीबाट बाणिज्यमा स्नातक पछि उहांले हिन्दुस्थान युनिलिभर लिमिटेडले प्रायोजन भएको व्यापार व्यवस्थापन कार्यकारी पुरा गर्नु भएको छ । आफ्नो कार्यकालमा उहांले स्थानीय क्याटोगोरीलाई बढावा दिन लोकल एक्टिभेसन मोडल बनाउनुको साथै राष्ट्रिय कस्मेटिक विजिनेस ल्याक्मीको सेल्स विभागको अतिरिक्त नेतृत्व गर्नु भएको थियो । अहिलेको युनिलिभर नेपाल लिमिटेडको प्रबन्ध निर्देशकको भूमिकामा उहाँ युनिलिभर दक्षिण एसियाको नेतृत्व टिमको सदस्य हुनु हुन्छ ।

**श्री अम्लान मुखर्जी**
**प्रबन्ध निर्देशक**



श्री रवि भक्त श्रेष्ठ स्थानीय संयूक्त लगानी कम्पनी श्री सिवक्रीम होल्डिङ्स प्राईभेट लिमिटेडको प्रतिनीधिको रुपमा युएन.एल. को सस्थापक-सञ्चालक रहनु भएको छ । नेपालका विजिनेस हाउसहरूको नेतृत्वदायी संस्थाहरू मध्येको एक-आई.जे समूहको अध्यक्ष तथा प्रबन्ध निर्देशक पनि हुनुहुन्छ । उहाँ नेपाल उद्योग वाणिज्य महासंघ (एफ.एन.सीसीआई.)को पूर्व अध्यक्ष समेत रहनु भएको छ । त्यस्तै, सम्माननीय प्रधानमन्त्रीले अध्यक्षता गर्नु हुने उद्योग, व्यवसाय प्रवर्द्धन परिषदका सदस्य पनि हुनुहुन्छ । उहाँ संगठित सामाजिक उत्तरदायित्व अन्तर्गतको स्वास्थ्य तथा शिक्षाको क्षेत्रमा योगदान पुन्याउने आई.जे.च्यारिटेवल ट्रष्टको संस्थापक तथा अध्यक्ष समेत हुनुहुन्छ । उहाँले विजनेस एडमिनिष्ट्रेशनमा स्नातक गर्नु भएको छ । उहाँ प्रसिद्ध प्रवल गोरखा दक्षिणबाहु (द्वितीय) तथा गणतन्त्र ईटालीका नाईट अफिसर अफ द अडर अफ मेरिट (Knight Officer of the Order of Merit) बाट समेत विभूषित हुनु भएको छ ।

**श्री रवि भक्त श्रेष्ठ**
**सञ्चालक**



श्री सुवास बज्राचार्यले बिरला इन्स्टिच्यूट अफ टेक्नोलोजी, मेस्रा, राँचीबाट इलेक्ट्रोनिक इन्जिनियरिङमा स्नातक गर्नु भएको छ । उहाँ एन.एच.नेपाल प्रा.लि.का मालिक तथा प्रबन्धक निर्देशक हुनुहुन्छ । श्री बज्राचार्यले २०४३ साल देखि नेपाल टेलिकममा विभिन्न जिम्मेवारीहरू सम्हाल्नु भएको छ । श्री बज्राचार्य गत २०६९ साल देखि नेक्सहोप लिमिटेड, युएई मा प्रबन्ध संचालकको रूपमा कार्यरत हुनुहुन्छ ।

**श्री सुवास बज्राचार्य**
**स्वतन्त्र सञ्चालक**

सुमन हेगडे एक योग्य चार्टर्ड एकाउन्टेन्ट हुन् र उनीले जेबीआईएमएस (JBIMS) (मुम्बई) बाट बिजनेस फाइनान्समा स्नातकोत्तर गरेकी हुन्। उनी जुलाई २००३ मा युनिलिभरमा व्यवस्थापन प्रशिक्षार्थीका रूपमा आबद्ध भइन् । उनीले भारतमा खरीद प्रबन्धक, मर्जर र अधिग्रहण प्रबन्धक, आपूर्ति श्रृंखला वित्त निर्देशक दक्षिण एशिया, होमकेयर वित्त प्रमुख-दक्षिण एशिया र समूह नियन्त्रक र प्रमुख जस्ता रूपमा भूमिकाहरु निर्वाह गरिसकेकी छन्। उनी २०२० मा युनिलिभर नेदरल्याण्ड्समा युरोप आपूर्ति श्रृंखला र वित्त उपाध्यक्ष को रूपमा सरिन्। उनी हालको युनिलिभर उप-सभापति फाइनान्सको (दक्षिण एशिया सौन्दर्य कल्याण र व्यक्तिगत हेरचाह समूह)रूपमा रहनु अगाडी ग्लोबल प्रोक्योरमेन्ट फाइनान्सका लागि उपाध्यक्ष थिइन्।



**श्री सुमन हेगडे**
**सञ्चालक**



श्री योगेश मिश्रा ज्यू पेसामा केमिकल ईन्जिनियर हुनुहुन्छ । उहाँले सन् १९९० सालदेखि युनिलिभरमा काम गर्न सुरू गर्नुभएको हो । उहाँले अपरेसन व्यवस्थापन, उत्पादन अपरेशन्स्, जिएमपि, अपरेशनल एक्सिलेन्स र क्वालिटि व्यवस्थापनमा धेरै प्रकारको भूमिका निर्वाह गर्नुभएको छ । युनिलिभरको कैयौं कारखानामा उहाँले उत्पादन म्यानेजर, ईनोभेशन र सप्लाई प्लानिङ हेड, होम केयर, कारखाना म्यानेजर, एचपिसिको रुपमा आफ्नो मुख्य भूमिका निर्वाह गररसक्नु भएको छ । उहाँ २०१४ मा दक्षिण एसियाको लागि होम केयरको अपरेस्नल म्यानेजर हुनुभएको थियो । हाल भने उहाँ ब्यूटी र पर्सनल केयर, साउद एसियाको उपाध्यक्ष हुनुहुन्छ । उहाँ हाल सप्लाई चेन दक्षिण एशियाका कार्यकारी निर्देशक हुनुहुन्छ ।

**श्री योगेश मिश्रा**
**सञ्चालक**

हिन्दुस्तान युनिलिभरमा २० वर्ष+को मार्केटिङ करियरको साथ लामो समयदेखिको युनिलिभरलाई साथ दिनु भएको। उनले युनिलिभरमा ठूला व्यवसायहरु सञ्चालन गर्दै विभिन्न भूमिकाहरु सम्हालेकी छन्, उनको हेयरकेयरको उपाध्यक्षको रूपमा अन्तिम असाइनमेन्टमा दक्षिण एशिया र देशमा बलियो नेतृत्व स्थिति भएको वर्गको लागि पोर्टफोलियो बनाउन विजयी भएकी छिन्। उनले ब्राण्ड डेभलपमेन्ट अवधिमा भारत र लन्डनमा आधार भई गरेको क्राफ्टीङ असाइनमेन्ट डभ हेयर, ट्रसमे कन्डिसनर र अरू ब्रान्डहरूको भारतमा प्रक्षेपणले व्यापारलाई कर्भको अगाडि रहन मद्दत गरेको छ साथै अमेरिका र ल्याटिन अमेरीकामा ट्रसमेलाई बलियो बनाउँदै, विश्वव्यापी ब्रान्डहरु र 'बि ब्युटिफुल' जस्ता फ्युचरिस्टिक प्लेटफर्मको सुरूवात गरेकी हुन्। उनी हाल सौन्दर्य र सौन्दर्यका लागि कल्याण व्यापार समूहकी उपाध्यक्ष छिन्।

**श्री हरमन ढिल्लों**
**सञ्चालक**



# ORGANIZATIONAL STRUCTURE

## Managing Director
- Finance
- Human Resource
- Customer Development
- Legal
- Supply chain
- Marketing

## Finance
- Supply Chain finance & payment to process
- Finance planning & analysis
- Customer Development Finance
- Service delivery of information technology
- Tax & Reporting

## Human Resource
- HR Business Partnering
- Employee Relations
- Learning & Wellbeing
- Talent & Organization
- Reward

## Customer Development
- Customer Marketing
- Centre for excellence
- Regional sales Manager
- Area sales Manager
- Territory Sales officer

## Legal
- Corporate Affairs
- Secretarial

## Supply Chain
- Production & Engineering
- Material Procurement
- Quality
- Research & Development
- Customer Service & Logistics

## Marketing
- Brand Building
- Media
- Outdoors
- Market Research
- Product Development
- Agency Management

# अध्यक्षको मन्तब्य



> तपाईंको कम्पनीले ने रू १८३४ मिलियनको कर पछिको लाभांश र नाफा (PAT) प्रदान गरेको छ जुन अघिल्लो वर्षहरूको तुलनामा १९% वृद्धि हो ।

आदरणीय शेयरधनी महानुभावहरू,

सर्वप्रथम जाजरकोट र रूकुम जिल्लामा गएको भूकम्पमा परी दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै भूकम्पमा परी घाइते भएकाहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । एक जिम्मेवार कर्पोरेट नागरिकको रूपमा, तपाईंको कम्पनीले सम्बन्धित अधिकारीहरूसँगको सहकार्यमा प्रभावित भएकाहरूलाई सबै सम्भावित सहयोगहरु प्रदान गर्ने प्रयास गरेको छ। हामी पीडित परिवार र राष्ट्रसँग ऐक्यबद्धतामा खडा छौं।

हाम्रा वरीपरी रहेका चुनौतिहरूकाबीच तपाईंको कम्पनीले हासिल गरेका महत्वपूर्ण सफलताहरू सहित तपाईंहरू सँग पुनः खुशियाली मनाउने समय आएको छ । मुद्रास्फीतिको दबाब र घट्दो उपभोगसँगै घट्दो तरलताबाट सृजित समस्याका बावजुद पनि यो वर्ष तपाईंको कम्पनीले कर कट्टी पछिको मुनाफा नेरू १ अरब ८३ करोड (पीएटी) आर्जन गरी अतुलनीय लाभांश प्रदान गरेको छ जुन अघिल्लो वर्षको तुलनामा १९ प्रतिशतले बढी हो ।

**हामीले सञ्चालन गर्ने विश्वः**

"नियम अनुसार चल्नुहोस तर प्रतिस्पर्धी  हुनुहोस्" यो फिल नाइटको उद्धरणले विश्व अर्थतन्त्रको हालको अवस्थालाई ध्यानमा राख्दै आजको व्यवसायलाई  गहिरोरूपमा प्रतिनिधित्व गरेको देखिन्छ। कोभिड-१९ पछिको "नब-सामान्य" अवस्थाबाट  पुनः जागरणको आशा सहितको प्रारम्भिक अवस्थापछी, विश्वले फेरि आफुलाई आर्थिक समस्याहरूको बिच उभीरहेको देखेको छ । हाल जारी रहेको दुर्भाग्यपूर्ण द्वन्द्वहरूले विश्वव्यापी आर्थिक अवरोधहरु सृजना गरेको छ, जसले खाद्य र ऊर्जा क्षेत्रहरूमा संकट निम्त्याउँदैछ। साथै, अस्थिर ऋणको स्तर, न्यून वृद्धि, र भूराजनीतिक तनावका नयाँ विश्वव्यापी जोखिमहरूले दिगो विकास लक्ष्यहरु प्राप्त गर्न चुनौतीहरु खडा गर्ने "बहुपक्षिय संकट (Polycrisis) को जटिल परिदृश्यहरू सिर्जना गरेको छ। वित्तीय नीतिहरु कडा हुँदैछन्, र लगानी सुस्त हुँदै गएको छ। विश्व आर्थिक दृष्टिकोण-२०२३ ले महामारीपछिको ३.४ प्रतिशतको अनुमानित वृद्धि दर २०२३ को अन्त्यसम्ममा २.८ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ । समावेशीता पुर्ण विश्व अर्थतन्त्रतर्फ अघि बढ्न आवश्यक हुँदा आत्मनिर्भर रहनुपर्ने आजको माग हो ।

### नेपाल-प्रतिकुलता बिचको अवसर

विश्वव्यापी चुनौतिहरूको बीचमा, हामीले विकास तर्फको आशाका किरणहरू देखेका छौं । प्रमुख स्थानहरूबाट टाढा आपूर्ति श्रृंखलाहरूको परिवर्तनशील गतिशीलताले हाम्रा छिमेकीहरूका लागि अवसरहरु खोलिदिएको छ; आपूर्ति विविधीकरण, बजार विस्तार, आर्थिक उदारपन, ऊर्जा स्थानान्तरण र डिजिटल रूपान्तरणको परिवर्तनकारी प्रभावहरु प्रयोग गर्ने सन्दर्भमा नेपालका लागि रणनीतिक लाभ प्राप्त हुनेछ । नेपालको अल्पविकसित अर्थतन्त्रबाट बिकासशिलतातर्फको यात्राले नागरिकलाई फाइदा पु-याउने छ । नेपालले हरित ऊर्जा, पर्यटन लगायतका क्षेत्रमा पनि आफ्नो शक्ति बढाइरहेको छ । निकट भविष्यमा यस्ता थप अवसरहरु सदुपयोग हुने अपेक्षा गरिएको छ । सीमित तरलता, अत्यधिक मात्रामा बढेको आप्रवासीकरण, बढ्दो मुद्रास्फीति, कमजोर लगानी संरक्षण, उत्पादनको उच्च लागत, अप्रभावकारी नीतिले नेपालको आर्थिक समृद्धिको दीर्घकालीन महत्वाकांक्षालाई बाधा पु-याइरहेको छ । यद्यपि, उत्पादनसँग सम्बन्धित प्रोत्साहन (PLI) र स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने योजनाहरूले नेपालमा औद्योगिक प्रगतिको गतिलाई बढावा दिनेछ भन्ने कुरामा उद्योगको रूपमा हामीले विश्वास लिएका छौं ।

### आत्मनिर्भर स्थानिय उत्पादनको लागि साझेदार:

यो तपाईँको कम्पनी को लागी एक विशेष वर्ष हो। विगत र वर्तमानका अनगिन्ती कर्मचारीहरूसँगै तपाई तीस वर्षको गौरवशाली यात्रामा गर्व गर्न सक्नुहुन्छ। यस अवधिमा हामीले प्राप्त गरेको सबैभन्दा महत्त्वपूर्ण कुरा उपभोक्ताहरुको विश्वास हो । हामीले नेपालमा बनाइएका विश्वस्तरीय गुणस्तरीय उत्पादनहरुद्धारा संचालित हाम्रा पावर ब्रान्डहरूका साथ वर्षमा कम्तीमा एक पटक दशमध्ये नौ नेपाली गृहस्तीहरूलाई सेवा दिन्छौं । आज, हामी नेपालको उपभोग्य वस्तुको सबैभन्दा ठूलो उत्पादक मध्येको एक भएको पर्याप्त कर्पोरेट बजार साझेदारीको रूपमा गर्व गर्छौं । उद्योगहरूले कुल गार्हस्थ (GDP) मा १३.५% योगदान गर्ने देशमा कच्चा पदार्थ, ब्रान्ड कम्युनिकेसन, प्रिमियम आयात समुह, परामर्श र जनशक्तिको खरिदमा द्रुत स्थानीयकरण एजेन्डासहित तपाईको कम्पनी सम्भवतः नेपालको उल्लेखनिय कम्पनीहरू मध्य एक हो । आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नेतर्फ सरकारको "मेक इन नेपाल" अभियानमा एकजुट भई सहकार्य गर्न हामी तत्पर छौं । यस अवधीमा, तपाईको कम्पनीले यस वर्ष २७ नयाँ SKU को स्थानीयकरण गरेको छ र उपभोक्ताहरूलाई छालाको हेरचाह, कपालको हेरचाह, हात धुने लगायतका, छोटो अवधिमा गुणस्तरीय उत्पादनहरु उपलब्ध गराएको छ। सोही उत्साहमा, तपाईको कम्पनीले आयात केन्द्रित नीतिहरु, पूँजी बजारमा प्रतिबन्धित नियमहरु, विज्ञापन, व्यापारिक अवरोधहरु, लगानी प्रतिकूल नियमहरु इत्यादिको बारेमा नीति संशोधनको वकालत, सुझाव, सहकार्य र आवाज उठाउन सरकारी निकायहरूसँग निरन्तर साझेदारी गर्दै आएको छ ।

### उपलब्धीको लागि अटल प्रतिबद्धता:

अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण २०७९/८० अनुसार यस वर्ष नेपालको समग्र आर्थिक वृद्धिदर ५ प्रतिशतबाट १.५ प्रतिशतमा रहेको छ । नेपाल राष्ट्र बैंकको प्रतिवेदन अनुसार यस वर्षको असोज मसान्तसम्ममा उपभोक्ता मुद्रास्फीति ७.५ प्रतिशत रहेको छ । विविध बाधा-अवरोधहरूको बावजुद, हामीले १५.६% को शीर्ष-स्थानको वृद्धि हासिल गरेका छौं, जसले हाम्रो बढ्दो उपभोक्ताहरुको विश्वासको बारेमा बोल्छ। घरको हेरचाह र छाला सफा गर्ने कोटिहरूमा आन्तरिक ओभरहेड बचतहरूको सहायता प्राप्त हाम्रो सफल मूल्य निर्धारण रणनीतिहरूको कारण गत वर्षको १ अर्ब ५४ करोड रूपयाँबाट नेरू. १ अरब ८३ करोड को कर कट्टी पछीको आर्जन सहित स्वस्थ व्यवसाय कायम गरका छौं । विभिन्न वर्गहरूमा नयाँ शुरुवात, बाह्य हेरचाहको क्षमता स्तरवृद्धि, गृह हेरचाहमा उपभोक्ता वृद्धि र स्वचालनको शुरुवात गरेर कपालको हेरचाहको लागि प्याकिङ लाइन थप्दै, तपाईको कम्पनीले उत्कृष्टताको संस्कृति, लागत अनुकुलन सहितको गुणस्तरको सुधारलाई निरन्तरता दिइरहेको कुरामा हामी विश्वास्त छौं ।

### भविष्यकोलागि योग्य बनी दिगोपन कायम राख्ने :

गम्भीर, कठिन, चिन्तित र बुझ्न नसकिने परिदृश्यलाई बुझ्दै, हामीले महसुस गर्यौं कि हाम्रो प्रतिस्पर्धात्मक धारलाई तिखार्नु र हाम्रो डिजिटल पदचिह्नलाई बलियो बनाउनु आजको आर्टिफिसियल इन्टेलिजेन्स र डिजिटलाइजेशनको युगको माग हो । १ करोड १५ लाख नेपाली उपभोक्ताहरूसँग इन्टरनेट पहुँच भएको र ४० लाखले डिजिटल वालेटहरु प्रयोग गर्दै, तपाईको कम्पनीले इ-कमर्स, प्रभावकारी मार्केटिङ, र ग्राहकको संलग्नता, डाटा सोर्सिङ र ब्रान्ड कम्युनिकेसनलाई तीव्रता दिन उपभोक्ता सचेतना बढाउन आफ्नो मूल्यको शृत्ला बढाउन प्रविधिको प्रयोग गरिरहेको छ । ग्लोबल सस्टेनेबल डेभलपमेन्ट रिपोर्ट २०२३ ले ग्लोबल वार्मिङ, जैविक विविधतामा पारेको नोक्शानी, र प्राकृतिक स्रोतको ह्रास, विशेष गरी विकासोन्मुख देशहरूलाई परेको असर बारे चिन्ता ब्यक्त गरेको छ । नेपालको प्राचिन हिमालयले बढ्दो विश्वव्यापी तापक्रम र बासस्थान खतराको परिणामको सामना गरिरहेको छ । हरित ऊर्जाप्रतिको हाम्रो प्रतिबद्धताको एक भागको रूपमा, हामीले यस वर्ष हाम्रो कारखाना स्थापनाका लागि २३४KV सौर्य ऊर्जामा ३ करोड पाँचलाख रुपयाँ लगानी गरेका छौं र हाम्रो उत्पादनमा खपत हुने ऊर्जाको ६०% नवीकरणीय स्रोतहरूबाट प्राप्त भएको छ। यस वर्ष हामीले नेपाली सेनासँग तेस्रो पटक हिमाल सफाइ अभियान २०२३ मा सहकार्य गर्दै सगरमाथा, ल्होत्से, अन्नपूर्ण, वरुण-त्सेका क्षेत्रबाट ३५ टन फोहोर सङ्कलन गर्दै पृथ्वी संरक्षण संस्कृति र संस्थागत सामाजिक उत्तरदायित्वको सक्रियताका साथ प्रवर्द्धन गरेका छौं । नेपाल महिला फुटबल टोलीसँगको हाम्रो हालको सम्बन्ध मार्फत समानतालाई समर्थन र प्रवर्द्धन गर्ने र विशाल भविष्यको सम्भावना खोल्ने विनम्र प्रयास हो। हामीले देशलाई गौरवान्वित पार्ने हाम्रा युवाहरूको अद्भुत यात्राबाट पनि प्रेरणा प्राप्त गरेका छौं ।

**शेयरधनीहरु र स्थानीय प्रतिभाहरूको लागि अतुलनीय प्रतिबद्धता :**
तपाईको कम्पनीले प्रति शेयर नेरू १५८०।- को साथ नेपालमा सबैभन्दा बढी लाभांश तिर्ने कम्पनी को रूपमा तपाईको कम्पनीले आफ्ना सेयरधनीहरूप्रति कायम गरेको प्रतिबद्धताको निरन्तरताको प्रमाण रहेको छ । यससँगै ७.५ प्रतिशतको उच्च मुद्रास्फीतिको नयाँ चुनौतीका बाबजुद तपाईको कम्पनीको इतिहासमा EPS सबैभन्दा उच्च रहेको छ । न्यून रोजगारीका कारण उत्पन्न असन्तुष्टिले डरलाग्दो अवस्था वृद्धिको प्रवृत्तिका साथ दैनिक ३,००० युवाहरु देश छाड्ने गरेका छन् । तपाईको कम्पनी नेपालमा सबैभन्दा मनपर्ने इनबाउन्ड अवसरहरू मध्ये एकको रूपमा बेन्चमार्क गरिँदै छ। हामीले ३,००० घण्टाको पाठ्यक्रमहरु, हाम्रो विश्वव्यापी उपस्थितिको फाइदा उठाउँदै करियर विकासका अवसरहरु सहित सिकाउने मार्गहरु खोलेका छौं। यस वर्ष मात्रै १० जना स्थानीय प्रतिभाहरूलाई दक्षिण एसियाका ठूला अर्थतन्त्रहरूमा इमर्सिभ इन-पर्सन ट्रेनिङका लागि पठाइएको थियो । स्थानीय प्रतिभाहरूलाई विश्वव्यापी रूपमा राख्नको लागि ठूला युनिलिभर संगठनमा खटाउने हाम्रो प्रयास हो । हामीले यस वर्ष स्थानीय ग्राहकहरूको माग अनुरूप बृहत् उपभोक्ता अन्तरक्रियाको भावनामा प्रमुख व्यवस्थापकीय पदहरूको स्थानीयकरण गर्ने दिशामा तयारी गरेका छौं ।

**सधैँभरि नेपाल र नेपालीहरुको लागि**
विगतको प्राकृतिक प्रकोपको साथै हालै आएको भूकम्पमा यस कम्पनीले नेपाल सरकारको साथमा रही रहेको भनी जानकारी गराउन चाहन्छौं। भूकम्प गएको भोलिपल्टै हामीले जाजरकोट र रुकुम जिल्लामा राहत सामग्री पुऱ्याउन सफल भएका थियौँ। यस कम्पनीले थप नेपाल सरकारसँग प्रभावित क्षेत्रमा भूकम्प पीडितहरूको पुनर्निर्माण र पुनर्स्थापनाका लागि काम गरिरहेको छ भन्ने जानकारी यहाँहरु समक्ष राख्न चाहयौं।

**अगाडी हेर्दै:**
संक्षेपमा, मुद्रास्फीति, कम लगानी, जैविक विविधताको हानि, भू-राजनीतिक टकराव, सामाजिक ध्रुवीकरण र साइबर असुरक्षा केही समयको लागि कायम रहिरहने विश्वव्यापी जोखिमहरूको रुपमा हेरिएको छ । हाम्रो यात्रा कठिन रहन सक्छ तर हामी यसलाई अत्यन्त लगनशीलताका साथ व्यवस्थापन गर्न सक्नेछौं भन्ने कुरामा हामी विश्वस्त छौं । महत्त्वपूर्ण रूपमा, म नेपाल सरकारलाई "मेक इन नेपाल" अभियानको लागि धन्यवाद दिन चाहन्छु, जसले लाभसँग जोडिएको प्रोत्साहनका नवीन योजनाहरूको कार्यान्वयनको साथ प्रगतिशील मार्गचित्र देख्न सक्छ । जाँदाजाँदै, युनिलिभर नेपाल लिमिटेडको आपूर्ति शृखंला, सुझबुझपुर्ण ग्राहक सञ्चालनहरूका साथ उद्देश्यपूर्ण, हामीसँग घेरिएको भूगोल, खरिद, मानव पूँजी, प्रविधि, समावेशीता र दिगोपनका बाधाहरु तोड्दै आगामी आर्थिक वर्षमा प्रशस्त अवसरहरु देखिरहेका छौं । विशेष गरी, म युनिलिभर नेपाल लिमिटेडमा तपाईको अत्याधिक र निरन्तर समर्थन र विश्वासको लागि हाम्रा आदरणीय शेयरधनी महानुभावहरूलाई धन्यवाद दिन चाहन्छु।

न्यानो अभिवादन
देव बाजपेई
अध्यक्ष

# प्रबन्ध निर्देशकको मन्तब्य



> तपाईंको कम्पनीले शीर्ष १५.६ प्रतिशतको रेखा वृद्धि (topline growth) र १९ प्रतिशतको तल-लाइन वृद्धि (bottom-line growth) रेकर्ड गरेको छ जसले यस आर्थिक वर्षको लागि प्रति शेयर ने रू १५८० लाभांश वितरण गर्न सक्षम बनाएको छ ।

तपाईको कम्पनीले आर्थिक वर्ष ०७९-०८० मा गरेको मुख्य कार्यहरु प्रस्तुत गर्न पाउँदा मलाई धेरै खुशी लागेको छ। सधैं झैं बलियो विश्वासको भावनाका साथ, यो वर्ष पनि, तपाईको कम्पनीले कमजोर उपभोग, बढ्दो मुद्रास्फीति, उच्च ब्याज दर, रोकिएको तरलता र घट्दै गएको विदेशी मुद्रा सञ्चिति जस्ता चुनौतीहरु पार गरेको छ ।

हामी हाम्रो विश्व स्तरको निर्माणमा गर्व गर्छौं; यसको पछाडि सुरक्षा, गुणस्तर र दिगोपनप्रति हाम्रो प्रतिबद्धता निहित रहेको छ। यस वर्ष, हामीले बाह्य हेरचाहको लागि हाइजेनिक मिक्सरलाई दोब्बर बनाएका छौं र अत्याधुनिक प्रविधिहरु मार्फत पूर्ण रूपमा स्वचालित हेयर केयर लाइन राखेका छौं ।
स्थानीयकरणको हाम्रो प्रयास तर्फ, हामीले उपभोक्ताको पहुँच बढाउन र हाम्रा मूल्यवान उपभोक्ताहरूलाई अझ राम्रो उत्पादन अनुभवहरु सुनिश्चित गर्न मुख्य कोटीहरूमा ३५ वटा स्टक किपिङ युनिटहरु स्थानीयकरण गरेका छौं । हाम्रा उपभोक्ताहरूको सधैं विकसित आवश्यकताहरु पूरा गर्दै, हामीले हाम्रो कपाल हेरचाह र छालाको हेरचाह पोर्टफोलियोलाई विस्तार र विविधीकरण गरेका छौं, जबकि हाम्रो गृह हेरचाह पोर्टफोलियोलाई उल्लेखनीय रूपमा बृद्धि गरेका छौं ।

हामी इन्टरनेटको पहुँच रहेको बातावरणमा चलयमान छौं भन्ने महसुस गर्दै, हामीले हाम्रा उत्पादनहरु ई-कमर्स र अनलाइन प्लेटफर्महरूको उदीयमान च्यानलहरु मार्फत देखिने र पहुँचयोग्य छन् भनी सुनिश्चित गर्न स्थानीय निकायहरूसँग साझेदारी गरेका छौं । उपभोक्ता अन्तर्दृष्टि हाम्रो संगठनको जीवन र रगत हो । यो वर्ष हाम्रो व्यापार समुहहरूमा एक अभूतपूर्व उपभोक्ता अन्तर्कृयाको सफलता प्राप्त गरेका छौ । मौखिक हेरचाहमा, Closeup: First Move Najikaau बग अभियान मार्फत, हामीले ७६ लाखको संलग्नता र २७०० भन्दा बढी युवाहरूको अद्भुत सहभागिता जुटाउन सफल भएका छौं । नेपालमा परोपकारी स्वास्थ्य सेवा संस्थाहरु र व्यावसायिक संघसंस्थाहरूसँगको हाम्रो सहभागीतालाई उपयोग गर्दै, ओरल हेल्थको साथमा सञ्चालन ब्रान्डमा जागरूकता हाम्रो प्रमुख समाचारहरु मध्ये एक बनेको छ ।

अभिलेखीत संख्याहरूमा भएका यी जागरूकताका संचारहरूले डिजिटल र छापा मिडियामा हाम्रो उपस्थितिलाई पर्याप्त रूपमा देखाएको छ । कपालको हेरचाहमा, हाम्रो सफलताको सिलसिलालाई निरन्तरता दिँदै, Sunsilk Dashain Vibes 2 मार्फत, १००० मिलियन ब्रान्ड अन्तरक्रियाहरु प्रभावकारी मार्केटिङ मार्फत सञ्चालन गरेका छौं । यो पनि उल्लेख गर्न सान्दर्भिक छ कि कपालको हेरचाह तर्फ पहिलो पटक, हामीले Sunilk Gang of Girls प्रयोग गरी स्थानीयकृत ब्यवसायिकता सुरू गर्यौं, जहाँ स्थानीय प्रतिभाशाली सहभागीहरूले विज्ञापनको नेतृत्व गरेका थिए ।

यो वर्ष अनुचित प्रतिस्पर्धा विरूद्ध लड्ने सन्दर्भमा हाम्रो लागि साँच्चिकै उल्लेखनीय रह्यो, जहाँ हामीले हाम्रो सामान्य, आधुनिक, र डिजिटल व्यापार प्लेटफर्महरु, हाम्रो मेहनतले कमाएको व्यवसायको ८ करोड ६० लाख बराबरको मूल्यको पोर्टफोलियोमा हुने अपमानजनक विज्ञापनहरु हटाउन, वस्तुलाई पहिचान गरी कारबाही गर्न र हाम्रो छालाको हेरचाह, कपालको हेरचाह र घरको हेरचाह कोटिहरूमा बाधा पुऱ्याउने ब्रान्डहरु पहिचान गर्न सक्षम भयौं ।

हामी हाम्रो प्लास्टिक पोर्टफोलियोको एक चौथाई भागलाई दिगो संरचनाहरूमा परिवर्तन गर्न पनि सफल भयौं । हाम्रो कारखानाले ४३% राष्ट्रिय बिजुली, १७% इन-हाउस सौर्य प्लान्टहरु र ६०% शून्य उत्सर्जन ऊर्जा सुनिश्चित गर्न सफल भएको कुरा यहाँहरु समक्ष राख्न चाहन्छु ।

हाम्रा श्रमिक तथा कर्मचारीहरु हाम्रो शक्ति हुन्, र हामी कुनै पनि दिन समावेशीतालाई समर्थन गर्छौं; हामी नेपालमा महिला एकीकृत कार्यबलको उत्साही सञ्चालकहरु मध्ये एक रहेका छौं । हाम्रा कर्मचारीहरुले दक्षिण एसियाका विज्ञहरुको नेतृत्वमा उच्चस्तरीय सिकाइ अवसरहरुबाट लाभान्वित भइरहेका छन् । हामी क्याम्पसहरुसँग संलग्नता मार्फत शीर्ष प्रतिभाहरुलाई आकर्षित गर्न र नेपालभर समर्पित युवाहरुलाई लक्षित इन्टर्नशिप कार्यक्रमहरु प्रदान गर्ने कुरामा पनि केन्द्रित छौं । यी पहलहरुले युवा समुदायमा ब्रान्डको उपस्थितिलाई सुदृढ पार्ने र उत्कृष्ट प्रतिभाहरुलाई कम्पनीमा आकर्षित गर्ने लक्ष्य राखेका छन् ।

देशका युवाहरुसँग हाम्रो लामो समयदेखिको ऐक्यबद्धतालाई बढावा दिँदै, हामीले युवा तथा खेलकुद मन्त्रीको उपस्थितिमा महिला फुटबल सङ्घसँग संलग्न भयौं । त्यसैगरि नेपालका प्रमुख संगीतकार, ५० भन्दा बढी सञ्चारगृहहरु र सरोकारवालाहरुसँग सहकार्य गरी यस वर्ष राष्ट्रिय सङ्गीत पुरस्कार २०२३ को साथमा गति लिएको छ, जसले हाम्रो संलग्नतालाई स्तरीकृत गरेको छ ।

हाम्रो लागि पारदर्शी र नैतिक रूपमा व्यापार गर्नको लागि हाम्रो प्रमुख सक्षमकर्ता व्यापारिक निष्ठा (BI) हो । यस वर्ष हामीले हाम्रा मुख्य नीतिहरुमा विभिन्न इमर्सिभ र छलफल-उन्मुख सत्रहरु मार्फत हाम्रा कर्मचारीहरु बीच अभिप्रेरित गर्ने हाम्रो अभियानको नेतृत्व गरेका छौं । प्रचार गरीएका संचारहरु हाम्रा सबै वितरकहरु, आपूर्तिकर्ताहरु र व्यापार साझेदारहरु, जससँग हामी काम गर्छौं र लामो समयदेखि सम्बन्ध साझेदारी गर्दैछौं समक्ष प्रेषित गरिएका थिए भन्ने कुरा उल्लेख गर्नु वान्छनीय ठानेको छु ।

उद्देश्यका साथ व्यवसायहरु बढ्छन् र त्यसैगरी, दिगो जीवनलाई साझा स्थान बनाउनको लागि कार्य गर्ने हाम्रो उद्देश्य हो । उपभोक्ताको पहुँच, स्थानीयकरण, डिजिटाइजेसन, हरित ऊर्जा समाधानहरु हाम्रो मूल्य शृृंखलामा दिगोपन सम्मिलित गर्ने दिशामा निर्देशित हुनु आगामी वर्षहरुका लागि हाम्रो मार्गदर्शक बनिरहनेछ। अन्तमा, हामी सरकारको 'मेक इन नेपाल' अभियानमा दृढताका साथ उभिनेछौं र आत्मनिर्भरतातर्फ हाम्रो समृद्ध भविष्यलाई अगाडी बढाउने उदेश्यसाथ अगाडि छौं ।

न्यानो अभिवादन सहित
अम्लान मुखर्जी
प्रबन्ध निर्देशक

# युनिलिभर नेपाल लिमिटेडको ३० औं साधारणसभाको सूचना

युनिलिभर नेपाल लिमिटेड (UNL) को ३० औँ (तिसौं) वार्षिक साधारण सभा यही डिसेम्बर १२, २०२३ (२०८० मंसिर २६ गते) मंगलबारका दिन नेपाली समय अनुसार दिउँसो ४:३० बजे हुने र सो सभामा निम्न विषयहरूमा छलफल हुने भएकोले सम्पुर्ण आदरणीय शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साधारणसभा हुने स्थानः होटल याक एण्ड यती, दरबारमार्ग, काठमाडौं रहेको छ ।

## साधारण प्रस्तावः

१. आर्थिक वर्ष २०७९-०८० (२०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्म) को नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण सहितको २०८० आषाढ मसान्त सम्मको सञ्चालक समिति र लेखा परीक्षकको प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

२. श्रावण १, २०८० देखी शुरुहुने आगामी आर्थिक वर्षको लागि लेखापरिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्न ।

३. सञ्चालक समितिको सिफारिस अनुसार लाभांश स्वीकृत गर्ने ।

४. युनिलिभर नेपाल लिमिटेड (UNL) को संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक र सामुदायिक परियोजनाहरूमा आर्थिक योगदानको लागि प्रस्ताव पारित गर्ने ।

५. श्री सुभाष बज्राचार्यलाई ३० औं वार्षिक साधारण सभाको समापनबाट अधिकतम चार वर्षको लागि कम्पनीको स्वतन्त्र सञ्चालकको रूपमा पुनः नियुक्त गर्ने ।

६. अध्यक्षको अनुमतिमा अन्य कुनै पनि विषय(हरु) पेश गर्ने ।

## विशेष प्रस्तावः

१. उपयुक्त र आवस्यक ठानेमा विशेष प्रस्तावको रूपमा निम्न बमोजिमका प्रस्तावहरू पारित गर्ने ।

"कम्पनी ऐन २०६३ को दफा २१ र कम्पनीको नियमावलीको नियम ५२ बमोजिम र आवश्यकता अनुसार सहमती र स्विकृत लिने गरी कम्पनीका शेयरधनीहरूबाट स्विकृतिमा कम्पनीको विद्यमान प्रबन्धपत्रको नं४ लाई निम्न बमोजिम संशोधन तथा परिवर्तन गर्ने प्रस्ताव पारित गरियो ।

## प्रबन्धपत्रको नं.४

यस कम्पनीको अधिकृत पूँजी रू. २,१४,००,००,०००।- (दुई अरब चौध करोड मात्र) हुनेछ । जुन प्रति शेयरको रू. १००।- का दरले २,१४,००,०००।- (दुई करोड चौध लाख) थान शेयरहरूमा विभाजित गरिएको छ । उक्त शेयरहरू प्रिफरेन्स वा साधारण शेयरहरूमा र शर्त वा उपबन्धन सहित वा रहित विभिन्न किसिमका शेयरहरुमा विभाजित गर्न सकिनेछ ।

**मितिः २०८०-०८-०५**
**रजिष्टर्ड कार्यालयः**
**बा;माढी-३,हेटौडा, मकवानपुर, नेपाल**

**युनिलिभर नेपाल लिमिटेडको लागि**
**संगीता श्रेष्ठ**
**कम्पनी सचिब**

# सञ्चालक समितिको
# वार्षिक प्रतिवेदन

## वित्तिय हाइलाइटहरू

संचालनबाट आम्दानी
**ने.रु ८.४८० मिलियन**

कुल नाफा
**ने.रु १.८३४ मिलियन**

संचालन नगद प्रवाह
**ने.रु १.८७३ मिलियन**

प्रस्तावित प्रति शेयर लाभाशं
**ने.रु १.५८० प्रति शेयर**

कुल नाफा (ने.रू मिलियन)




संचालनबाट आम्दामी (ने.रू मिलियन)




कुल क्यापेक्स (ने.रू मिलियन)




प्रति शेयर लाभाशं



# वितिय कार्यसम्पादनको संक्षेप

| नाफा नोक्सान हिसाब | २०७५-७६* (२०१८-१९) | २०७६-७७* (२०१९-२०) | २०७७-७८* (२०२०-२१) | २०७८-७९* (२०२१-२२) | २०७९-८० (२०२२-२३) |
|---|---|---|---|---|---|
| सञ्चालनबाट भएको आय | ५७५४ | ५५४७ | ५७३१ | ७३३४ | ८४८० |
| अन्य सञ्चालन आय | ५१८ | १४० | ५९ | १२२ | १९४ |
| सञ्चालनबाट नाफा | १३१५ | ५२४ | १०१५ | १८०९ | २१४८ |
| वित्त खर्च | ० | ० | ० | २० | ३० |
| वित्त आय | ५६ | ४८ | ३६ | ९४ | १२० |
| कर पूर्वको नाफा | १३७२ | ५७२ | १०५१ | १८८२ | २२३९ |
| वर्षको खुद नाफा | १०६५ | ३५८ | ८६१ | १५४२ | १८३४ |

| वित्तीय स्थितिको विवरण | २०७५-७६* (२०१८-१९) | २०७६-७७* (२०१९-२०) | २०७७-७८* (२०२०-२१) | २०७८-७९* (२०२१-२२) | २०७९-८० (२०२२-२३) |
|---|---|---|---|---|---|
| सम्पत्ति, प्लाण्ट र उपकरण (अर्मूत समेत) | ९८२ | ११६२ | १०५० | १३७६ | १४५३ |
| Right of use Assets-lease | - | - | - | २१५ | ३३ |
| बिलम्बित कर सम्पत्ति | ० | ४७ | ३१ | २४ | २११ |
| मुद्धती खातामा लगानी | ५७४ | ३३५ | ९३४ | ११२९ | १३८० |
| कूल सम्पत्ति (चल-अचल) | ७६९ | ४२९ | ५९० | ९०८ | १२८४ |
| शेयर पुंजी | ९२ | ९२ | ९२ | ९२ | ९२ |
| कायम भएको आय र सञ्चिति (रिजर्भ) | २२३२ | १८८१ | २५१३ | ३५६० | ४२६९ |

| मुख्य अनुपात | २०७५-७६* (२०१८-१९) | २०७६-७७* (२०१९-२०) | २०७७-७८* (२०२०-२१) | २०७८-७९* (२०२१-२२) | २०७९-८० (२०२२-२३) |
|---|---|---|---|---|---|
| कर पूर्वको मुनाफा (आयको %) | २४ | १० | १८ | २६ | २६ |
| कर पश्चातको मुनाफा (आयको %) | १९ | ६ | १५ | २१ | २२ |
| स्थिर सम्पत्ति कारोबार (गुणात्मक संख्या) | ६ | ५ | ५ | ५ | ६ |
| प्रति शेयर रु. १०० को दरले आय | ११५७ | ३८९ | ९३५ | १६७५ | १९९२ |
| प्रति शेयर रु. १०० को दरले लाभांश | ७७० | १०० | ६५० | १२१५ | १५८० |

| अन्य | २०७५-७६* (२०१८-१९) | २०७६-७७* (२०१९-२०) | २०७७-७८* (२०२०-२१) | २०७८-७९* (२०२१-२२) | २०७९-८० (२०२२-२३) |
|---|---|---|---|---|---|
| नेप्सेमा युनिलिभर नेपालको शेयर मूल्य* | २०,२५० | १८,८०० | १९,३९५ | १८,३६० | ३२,९९८ |
| बजार पुंजीकरण (रु. अर्बमा) | १८,६४४ | १७,३०९ | १७,८५७ | १६,९०४ | ३०,३८१ |

**नेप्सेमा वर्ष अन्त्यको closing price को आधारमा

'आर्थिक वर्ष २०७९-८० ले धेरै आर्थिक चुनौतिहरु हाम्रो सामु ल्याएको थियो ।  आपूर्ति श्रृंखलामा भौगोलिक राजनीतिक अवरोधहरुले वस्तुको मूल्यमा उल्लेखनीय बृद्धि गरायो जसले गर्दा विश्वव्यापी रूपमा नै मुद्रास्फीतिको लहर देखा पर्‍यो । प्रतिकृयास्वरूप, विश्वभरका केन्द्रीय बैंकहरुले ब्याजदर बढाएका कारण प्रमुख बजारहरुमा उपभोक्ता मागको कमी र मुद्रा सम्बन्धीका वित्तिय जटिलताहरु उत्पन्न भए र उत्पादन लागतमा कठिन दबाबहरु सिर्जना भए ।

अटल र दृढ संकल्पका साथ, हामीले यी चुनौतीहरुको सामना गर्‍यौं र हाम्रा दीर्घकालीन रणनीतिहरु संरक्षण गर्ने हाम्रो प्रतिबद्धतामा अडिग रही रहयौं । हाम्रा सम्मानित शेयरधारकहरुलाई स्थायी मूल्य प्रदान गर्नमा समर्पित रही, हामीले अनुसन्धान बिकास (आर एन्ड डी), हाम्रो ब्रान्ड पोर्टफोलियो, र दिगोपन पहलहरुमा लगानी कायम राख्यौं । चुनौतीपूर्ण वातावरणमा, हामीले बलियो र चौतर्फी प्रदर्शन प्रदान गर्न तत्परता र धैर्यता देखाएका छौं। हाम्रो रिपोर्ट गरिएको कारोबार र खुद नाफा आर्थिक वर्ष २०७९-८० मा क्रमशः १६% र १९% ले बढ्यो। कर पछिको नाफा १८३ करोड ४० लाख रूपैयाँ छ भने प्रति शेयर आय १९%ले  बढेको छ । सञ्चालक समितिले युनिलिभर नेपालको इतिहासमा अहिलेसम्मकै उच्च प्रतिशेयर रू १,५८० को अन्तिम लाभांश प्रस्ताव गरेको छ, जसलाई साधारणसभाले स्वीकृति दिएपछि शेयरधनीहरुलाई उपलब्ध गरिनेछ । कारोबार वृद्धि मुख्यतया छाला र कपाल हेरचाह समुहले नेतृत्व गरेको छ । नाफामा हासिल गरिएको ब्रिदीको श्रेय प्रथमतःउच्च बिक्री हो भने अन्य महत्वपूर्ण कारकहरु आपूर्ति श्रृंखला, खरिद, प्याकेजिङ्ग, र ओभरहेडहरु लगायत हाम्रा कार्यहरुमा दक्षता बढाउन लागू गरिएको बचत उपायहरुका हुन् । साथै गहन विश्लेशणद्वारा निर्धारित क्यालिब्रेट गरिएको मूल्य निर्धारण रणनीतिहरुले बढ्दो उत्पादन लागतहरु विरूद्ध हाम्रो व्यापार मोडेललाई सुरक्षित गर्न पनि महत्त्वपूर्ण भूमिका खेलेको छ। हामी भविष्यको लागि तयार पोर्टफोलियो निर्माण गर्न र दीर्घकालीन मूल्य सिर्जना गर्न लगानी जारी राख्छौं। हामी हाम्रो आधारस्तम्भहरु सुदृढ गरी, बजार विकास मार्फत भविष्य परक उत्पादनका समुहहरु सिर्जना गर्दैछौं, र उपभोक्ताहरुलाई उच्च लाभहरुमा स्तरोन्ति गरी उत्पादन गरी विस्तारिकारण गर्दैछौ ।

# युनिलिभर कम्पास र व्यावसायिक सामाजिक उत्तरदायित्व




# युनिलिभर नेपालको व्यावसायिक सामाजिक उत्तरदायित्व

## यस कम्पानीले नेपाली सेनाको अगुवाइमा सगरमाथा लगायत अन्य हिमालबाट ३५ टन फोहर संकलन गर्न सहयोग गरेको छ।




नेपालका हिमालहरू प्रतीक र गौरवको रूपमा रहेको छ र हरेक वर्ष करिब १,७५,००० पर्यटक पर्वतीय पदयात्रा तथा आरोहणका लागि नेपाल आउने गर्दछन् । यसै क्रममा फोहोरहरू संकलन भई हिमालहरूमा ठूलो समस्या सिर्जना गरेको छ। स्वस्थ ग्रह र समाजबिना व्यवसाय फस्टाउन सक्दैन भन्ने कुरा बुझेर युनिलिभर नेपालले नेपालका प्रमुख चुचुरोहरूबाट फोहर र प्लाष्टिक सफा गर्न र हटाउन नेपाली सेनाको अगुवाइमा माउन्टेन क्लिनअप अभियानसँग सहकार्य गर्दै आएको छ ।

माउन्टेन सफाइ अभियान २०७९ मार्फत लगातार तेस्रो वर्ष युनिलिभर नेपाल हिमाल सफाइमा संलग्न भएको छ र यस वर्ष यस अभियानमा नेपालि सेना, शेर्पाहरू, स्थानीय र

स्वयंसेवकहरुले सगरमाथा, ल्होत्से क्षेत्र, अन्नपूर्ण र बरुन्त्से हिमालबाट फोहर सङ्कलन गरेका छन्। ९७ जनाको समर्पित टोलीको साथ, यी चार पर्वतीय क्षेत्रहरुबाट ३५ टन फोहर सङ्कलन गरि सहप्रशोधन र रिसाइक्लिङका लागि रिसाइक्लिङ साझेदारहरुलाई हस्तान्तरण पनि गरिएको छ ।

यसै कार्यका लागि युनिलिभर नेपालका प्रबन्ध निर्देशक अम्लन मुखर्जीलाई नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्माले प्रकृति संरक्षणका लागि आदर सम्मान पनि प्रदान गरेका थिए ।

युनिलिभर नेपालले देशका हिमालहरुलाई सुन्दर र आगामी पुस्तासम्म जोगाई राख्नका लागि सानो भूमिका निर्वाह गर्न पाएकोमा गौरवान्वित छ ।

## यस कम्पनीले अवनी भेन्चर्स संगको साझेदारीमा १,५१८ टन प्लास्टिक फोहोर संकलन गर्न मद्दत गरेको छ ।

युनिलिभर नेपालले प्याकेजिङमा उत्पादन हुने प्लाष्टिकको सम्पूर्ण मात्रा फिर्ता लिएर, त्यसको ठुलो हिस्सालाई पुनः प्रशोधन गरेर फोहोरमुक्त विश्वप्रतिको आफ्नो प्रतिबद्धतामा ठूलो प्रगति गरेको छ । युनिलिभर नेपालले आफ्नो सम्पूर्ण प्लास्टिक पोर्टफोलियोको एक चौथाई दिगो संरचनामा (सबै स्याम्पु बोतल, क्याप, साबुनको खोल र ट्युब क्याप) पनि स्थानान्तरण गरेको छ र यस वर्षको अन्त्यसम्ममा अझै बढि हासिल गर्ने लक्ष्य राखेको छ ।

हाल युनिलिभर नेपालको कारखानाले राष्ट्रिय ग्रिडबाट उत्पादित विद्युतबाट ४३% उर्जाको परिपुर्ति गर्दै आएको छ । थर्मल र विद्युत ईनरजिको आवश्यकता पूरा गर्न आफ्नै सोलार प्यानल हरुबाट १७% बिद्युतिय उर्जाको प्रतिपुर्ति गर्दै आएको छ। यि श्रोतहरुबाट कम्पनिले आफ्नो मुख्य ६०% उर्जा जिरो एमिसन राखेको छ।

युनिलिभर नेपालले आफ्नो प्रयासमार्फत वातावरणप्रतिको आफ्नो प्रतिबद्धता र 'दिगो जीवनयापनलाई सामान्य बनाउने' भनि आफ्नो प्रतिबद्धतालाई पुष्टि गर्दै आएको छ ।

avni ventures



## युनिलिभर नेपालले विश्व योग दिवस मनायो

प्रत्येक वर्ष असार ६ गते मनाइने अन्तर्राष्ट्रिय योग दिवसको उद्देश्य प्राचीन योग अभ्यासको माध्यमबाट शारीरिक र मानसिक स्वास्थ्यलाई प्राथमिक्ता दिनु हो। २०७९ को नारा 'वसुधैव कुटुम्बकम' वा 'एक पृथ्वी, एक परिवार, एक भविष्य' रहेको थियो । युनिलिभर नेपालले कास्की जिल्ला पोखरा रङ्गशालामा आयोजित विश्व योग दिवसको समारोहमा योगा म्याटको वितरण र हात धुने स्टेसनको स्थापना गरेको थियो।







UNILEVER NEPAL LIMITED
sunsilk
नयाँ sunsilk
जसको ACTIVE MIX ले बनाउँछ
तपाईलाई जहिले READY TO SHINE !
VITAMINS OILS & PROTEINS
sunsilk
lusciously THICK & long
SHAMPOO
activ-mix
sunsilk
HAIRFALL solution
SHAMPOO
activ-mix
sunsilk
perfect STRAIGHT
SHAMPOO
activ-mix
sunsilk
black SHINE
SHAMPOO
activ-mix
NEW
sunsilk
ONION & JOJOBA OIL
Hairfall
FOR STRONG AND LONG HAIR
SHAMPOO
HAIR TOO GOOD TO HOLD BACK

# ब्रान्ड र नवीनता सहितको सफलता

Teaser → SGOG Intro → Pack Launch → Pre campaign hype → Campaign Launch → Engagement → Grand Finale Event




## सनसिल्क दशैं भाइब्स २

सनसिल्क दशैं भाइब्स नेपालको सबैभन्दा ठूलो पर्व  बडा दशैँको उपलक्षमा शुरु गरिएको थियो। सनसिल्कले आफ्नो लक्षित सुमुहहरूसँग रमाईला पलहारु बनाउनका लागि यसको सुरुवात गरी चाडपर्वको समयामा पुर्ण रूपमा मनोरन्जन दिन पनि सफल भएको हो । पहिलो संस्करणको सफलता कायम राख्दै, सनसिल्क दशैं भाइब्स २ को स्थापना भयो जस्को थिम 'Double Celebration' रहेको थियो। सहभागीताहरुले आफ्नो सुन्दर हेयरस्टाईल र दशैं भाइब्स, फोटो वा भिडियो मार्फत देखाई भाग लिन हुन सक्नु हुन्थ्यो। दोस्रो संस्करणको सफलतामा ३,७३२ सहभागिता रहेको थियो भने, सो को सफलता अन-ग्राउन्ड सक्रियता र डिजिटल प्रमोसन द्वारा समर्थित गरिएको थियो। डिजिटल प्लेटफर्महरु मार्फत यस क्यामपेनले १० करोड  भन्दा बढी भ्यूजहरु प्राप्त गर्न पनि सफल भएको थियो ।

## TVC को स्थानियकरण

नेपाल को सबै भन्दा ठुलो हेयर केयर ब्र्यान्ड सनसिल्कले आफ्नो सनसिल्क ग्याङ अफ गर्ल्स सगँ पहिलो पटक स्थानिय रूपमा टेलिभिजन मार्फत विज्ञापन प्रशारण गरेको थियो। सनसिल्क ग्याङ अफ गर्ल्स सनसिल्क नेपालका ब्र्यान्ड अम्बासेडर प्रिस्मा र प्रिन्सी रही साथै सनसिल्क दशैं भाइब्स २ का बिजेताहरु पनि रहेका छन्।






# पोर्टफोलियो विस्तार

- यो सालको पोर्टफोलियो विस्तारमा उपभोक्तताहरूको विशेष माग अनुसार कपालको हेरचाह सम्बन्धि योजना बनाईएको थियो जस्मा Dove को प्रिमियम स्याशेको शुरुवात भयो। यसका साथ-साथै लामो कपाल हुने ग्राहकहरूको पनि माग पुरा गर्नका लागि सनसिल्कको रू.४ मा आउने महा स्याशेको सुरुवात गरीएको थियो । Dove को कन्डीशनरलाई स्थानिय तहमा उत्पादन गरी थप २ किसिमका बोत्तलहरूको साथ, कन्डीशनरलाई पनि Premium Sachetको रूपमा बजारमा उपलब्द गराईएको थियो।
- उपभोक्ताहरूको कपाल झर्ने समस्या बढि रहेको हुनाले, Anti–Hairfall को भेरियन्ट मार्फत सनसिल्क को सनसिल्क Onion and Jojoba ओयल श्याम्पु र Dove श्याम्पुमा Dove हेयर फल रेसकीउ श्याम्पु को सुरुवात गरिएको थियो।







# दृश्यताको ड्राईभ

५००० आउटलेटहरूमा व्यापारको दृश्यता रहि उपभोग्ताहरूसगँ प्रत्यक्ष पहुँच ।








# डिजिटल र प्रभावकर्ताहरू संगको मार्केटिङ




डिजिटल मेडिया मार्फत उपभोक्ताहरु विश्वाशनिय मानिसहरूको खोजीमा हुनेगर्दछन् र यहि सन्धर्वमा मार्केटिङ हुने गर्दछ। बढ्दो प्रभावकर्ता मार्केटिङको परिचालन गर्नका लागि सनसिल्क/Dove ले स्थानिय प्रभावकर्ता को साहायता लिई नयाँ उत्पादनका प्रवर्धन पनि गरिएको हो।

**१५ मिलियन+view FB/Insta/Social media**

# युनिलिभर नेपाल र यसका ब्राण्डले राष्ट्रिय महिला फुटबल टिमसँग गरेको साझेदारी







५०+ मेडिया हाउस रहेको Press Conference मार्फत संघ को घोषणा गरिएको।



प्रमुख अतिथिको रूपमा युवा र खेलकुद मन्त्रालयबाट माननिय मन्त्रीज्यु को उपस्थिति रहेको थियो ।


कान्तिपुर

पत्रिकाहरुमा विज्ञापन छापि संघको पुनः घोषणा ।


महिला राष्ट्रिय फुटबल टोलीलाई युनिलिभरको प्रायोजन

१९ वटा पत्रिका, ११ वटा TV Channel र ५०+ online portal मार्फत Press Release गरिएको थियो ।

# रिन - धुने तरिका प्रर्दशन



पुर्वि नेपालको ७ वटा शहरहरूमा रिन सफाई उत्सव भनि कार्यक्रमको आयोजना गरिएको थियो जहाँ रिन को स्टलहरू लगाई लाईभमा लुगा धोई डेमो पनि देखाईएको थियो। स्यामपलहरूको वितरण गरि विभिन्न रूपमा संलग्नता हुने कार्यहरू पनि गरिएको थियो। लक्षित समुहको पहुँचः ५०००

# VIM LIQUID-DIGITAL सक्रियता






उद्देश्यः चेतना सृजना गर्नका लागी
RTB: कागतिको शक्ति जस्ले एक चम्चाले मात्र भान्साको सिङ्क भरिको भाडालाई चकाचक बनाउछ।
लक्षः माहिला, २५+, गृहणी, शिर्ष स्थरमा रहेका १२ वटा शहरहरू
पल्याटफर्मः फेसबुक र ईन्सटाग्राम
**पहुँचः ३९ लाख**
**ईम्प्रेसनः १ करोड ८६ लाख**
**संलग्नताः २३ लाख**
सामाजिक सञ्चारका प्रभावकारहरू मार्फत १८ लाख दर्शकहारूमा पहुँच ।

# कस्मेटिक आउटलेटहरूको दृश्यता





मुल BWP अर्थात Beauty and Well-being ब्रान्डहरुका साथ
राजधानि भित्र ५० वटा कस्मेटिक आउटलेटहरुमा दृश्यता।

# VASELINE ALOE FRESH LOTION को उत्घाटन










**1.9 Mn Impressions**
**2.9 Mn impressions | 13K clicks | Likes: 21k +**
**5.3 Mn Reach | 23.8 Mn Impressions**

## #THEHABITOF2

बिहान देखि बेलुका सम्म हुने विचारको निर्माणमा केन्द्रित हुदै, प्रदुशणलाई यस अभियानको मुख्य कारक राखिएको अवस्थाः

मुख धुने बानीमा व्यवहारिक परिवर्तन ल्याउनका लागि यस अभियानले को स्थापाना गरिएको हो किनकि नेपालमा सबैभन्दा प्रदूषित शहरहरु छन्जसले उपभोक्ताहरुको छालालाई सुस्त बनाउँछ र यसको कारण चमक पानि गुमाउछ।

सामाजिक सञ्जालमा २९ लाख को इम्परेसनका साथ अभियानको समाप्ति कलेजहारुमा ११००+ स्यामपल को बितरणका साथ भयो।


















# क्लोजअप- ब्रान्ड सकृयता




क्लोजअपले २०७९ सालको असोजमा लिटल एन्जल्स क्लेज अफ म्यानेजमेन्ट (LACM) को मेला र फुड फेस्टिबल सँग सहकार्य गरेको थियो । यसै सिलसिलामा विद्यार्थीहरुले आयोजना गरेको यो कार्यक्रम विद्यार्थीहरुका लागि प्रतिभा र नवीन विचारहरु प्रस्तुत गर्ने आदर्श मञ्च थियो जहाँ १५,००० जानाको उपस्तिथी रहेको थियो । यस कार्यक्रम्मले हजारौं दर्शकहरुलाई आकर्षित गर्ने क्षमता राखी क्लोजअपले ब्रान्डको ट्रेडमार्कलाई प्रमुखताका साथ प्रदर्शन गर्न सफल भएको थियो। यस कार्यक्रम्मले लक्षित समुह सँग परिचित हुन एक आकर्षक अभियानको माध्यमबाट मान्यता र स्मरणलाई पनि बढावा दियो । दर्शकहरुले आफ्नो वा आफ्ना साथीहरुसँग मुस्कुराउँदै सेल्फी/तस्वीर लिनुभयो जुन सामाजिक सञ्चारमा #CloseupLACM राखी अपलोड गरिएको थियो । सामाजिक सञ्चारमा उपलब्ध भए वापत सबै भन्दा बढि अन्तरक्रिया भएका पोस्टहरुबाट २ जाना विजेता पनि घोषणा गरिएको । सञ्चारमा उपलब्ध भए वापत सबै भन्दा बढि अन्तरक्रिया भएका पोस्टहरुबाट २ जाना विजेता पनि घोषणा गरिएको थियो।




## डिजिटल पदोन्नति- भाईबरबाट विज्ञापन

क्लोजअपले भाइबर पोस्टकल रोडब्लकबाट सक्रिय हुने अवसरको फाईदा उठायो। यसको उद्देश्य भाइबर प्रयोगकर्ताहरुमाझ ब्रान्ड दृश्यताको माध्यमबाट ब्रान्डको जागरुकता सिर्जना गर्नु थियो। ३ महिनामा २७ लाख ईम्प्रेसनका साथ ८५,००० हजार क्लिक ल्याउन सफल भयो।

## आधुनिक व्यापारको दृश्यता- भाटभटिनि- दसैं २०७९







भाटभटेनी नेपालको एक अग्रणी सुपरमार्केट भएको नाताले हामीले हाम्रा प्रमुख ब्राण्डहरुका लागि दृश्यता चलायौं जहाँ हामीले २०७९ सालमा मा ५ वटा शाखाहरु समेटेका थियौं ।

# क्लोजअप डिजिटल सक्रियता- भ्यालेन्टाईन अभियान

क्लोजअप फर्स्ट मुभ #NajikAau भ्यालेन्टाइन महिनाको समयमा सुरु गरिएको एक डिजिटल अभियान हो र यसले भ्यालेन्टाइन डेको सारलाई समेट्ने गरेको छ। यसले नामलेनै दर्शकहरूलाई उहाँहरुको सम्बन्ध वा सम्भावित सम्बन्धमा उहाँहरुको पहिलो कदम बनाउनमा संलग्न हुन को लागी प्रेरित गराउँदछ, जसले थप प्रेम र निकटता को उत्सव मनाई आफ्नो विशेष व्यक्ति सँगको सम्बन्धमा प्रेम र निकटताको पहिलो सम्झना को उत्सव मनाउन मदत गर्दछ।




आजका श्रोतामाझ सान्दर्भिकता बढाउनका लागि 'नाजिक आऊ' नामको गीत तयार गरिएको थियो।चर्चित गायक सुशान्त केसीले आफ्नो नाम र आवाजले चर्चा बटुलेका थिए, जसको ७ लाख भ्युज हुन पुग्यो। यसमा भ्यालेन्टाइन डेमा प्रेम, ताजगी र निकटतामा आधारित एक दृश्यात्मक संगीत भिडियो प्रस्तुत गरिएको थियो जसले अभियानको सारलाई प्रभावकारी रूपमा कब्जा गर्न सफल भयो र यस्ले दर्शकहरूलाई गीत सुन्दा क्लोजअप टूथपेस्टसँग सम्बन्धित ब्रान्डको सौन्दर्यशास्त्रको कल्पना पनि गरायो। यसले एक स्मरण कारकको रूप पनि धारण गर्यो।










अभियानको कार्यन्यनका लागि ५० जाना प्रभावकर्ता (ईन्फ्लुएनसर) र १० जाना गायकहरू राखिएको थियो।







+२७०० भन्दा बढि को सहभागिता रही, ३४३ लाख भ्युज र ७६ लाखको ईम्प्रेसन ल्याएको थियो।




थप समाजिक सञ्चारबाट ५ जाना भाग्यशालि विजेताहरु को घोषणा गरी ५० जानालाई सान्त्वना पुरस्कारहरु पनि बाँडिएको थियो। व्यक्तिगत अनुभवहरु बाँड्नकासाथ यस अभियानले श्रोताहरूसँग गहिरो भावनात्मक सम्बन्धहरु पनि गाँस्न पुग्यो जहाँ हामीले सामाजिक मिडिया र प्रभावकर्ता मार्केटिंग प्रयोग गरेर कुशलतापूर्वक अन्तरक्रिया गर्न सफल भयौं, जसले श्रोताहरुलाई अभियानमा भाग लिन प्रेरित गरायो। यस अभियानले ब्रान्ड इक्विटीलाई अत्यधिक विकसित गराई ब्रान्डको जागरुकतालाई पनि निर्माण गर्यो।

## राष्ट्रिय संगित पुरस्कार (NATIONAL MUSIC AWARD) सँग




Print Advertising NMA




NMA सबैभन्दा ठूलो संगीत पुरस्कार कार्यक्रमहरु मध्ये एक हो जहाँ हामीले विश्वसनीयता निर्माण गर्न यस हटस्पट सांगितिक कार्यक्रमा युवा ब्रान्डको रूपमा क्लोजअपको मूल मान्यताहरु वर्धन गर्न सम्बद्ध थियौं।

## पेप्सोडेन्ट
## अटिजम केयर नेपालसँग पेप्सोडेन्टको सहकार्य







ह्याप्पी स्माइल हेल्थ फाउन्डेसन (HSHF) सँग सहकार्य गरी डेन्टल हेल्थ चेकअपमार्फत सर्वसाधारणमा ओरल स्वास्थ्यका बारेमा जानकारी दिन र दिनमा दुई पटक ब्रस गर्न सिकाउने उद्देश्यले यस कार्यक्रमको स्थापना गरिएको हो । हाम्रो मुख्य उद्देश्य पेप्सोडेन्टलाई प्रमाण र तर्कको रूपमा प्रयोग गरेर हाम्रो ब्रान्ड उद्देश्यलाई हाइलाइट गर्नु र निर्माण गर्नु थियो जसले क्याभिटी प्रोटेक्सन र ओरल केयरको समाधानको दाबीलाई समर्थन गर्दछ जसले तपाईंको दाँतबाट प्लाक र ब्याक्टेरिया हटाउँदछ र साथ-साथै क्याभिटी र अन्य दन्त समस्याहरु पनि हटाउन सक्छ।

## नारी पत्रिका - विशेष संस्करण










हामी श्रावन महिनामा नारी पत्रिकासँग आबद्द भएका थियौं जहाँ दन्त स्वास्थ्यको विशेष संस्करण थियो र दन्त चिकित्सक प्रभावकर्ताहरूले ओरल स्वास्थ्य र दाँत ब्रश गर्ने फाइदाहरुको बारेमा शिक्षित गराउनु भयो। ब्रान्ड रिकल फ्याक्टरका लागी पत्रिकामा विज्ञापन छापिएको थियो।

# LIFEBUOY तरल ह्यान्डवाश लन्च गतिविधिहरू

## GT ब्राण्डीङ्ग





**Activated in HRP O/Ls**
**2000 Counter Tops placed in all HRP O/Ls**

## MT ब्राण्डीङ्ग



## डिजिटल







२१ करोड **Impressions 5.5 Mln Reach**

| विवरणहरू | पहुँच | इम्प्रेशन | भिडियो दृश्यहरू |
|---|---|---|---|
| FB प्रर्दशन | ४५,४३,४४० | १,२६,९८,६०९ | १६,२६,९५९ |
| IG प्रर्दशन | ९,९८,५७१ | ३४,६१,०१० | ३,६३,५७० |
| YT प्रर्दशन | | ४८,९०,०११ | ११,५८,६५८ |
| कुल | ५५,४२,०११ | २,१०,४९,६३० | ३१,४९,१८७ |

# CWC क्रिकेट लीग २ मा स्वच्छता साझेदारको रूपमा LIFEBUOY

## कभरेज चित्रहरू














स्वच्छता साझेदारको रूपमा Lifebuoy उपभोक्ताहरूको जोश पोइन्टहरू र राष्ट्रिय गौरव छुने माइलेज ग्राउन्ड सक्रियता र दृश्यतामा 60 मिनेट TVC + 100+ Ashton

कुल 6 प्रिन्ट विज्ञापन सम्मिलनहरू पुग्नु

अन-ग्राउन्ड: 1 लाख+

टिभी दर्शक संख्या: २० मिलियन

डिजिटल दर्शक: 35 मिलियन | बजेट खर्च: 3.6 मिलियन नेरु

# LIFEBUOY AS A HYGIENE PARTNER FOR CWC CRICKET LEAGUE 2

## कभरेज चित्रहरू



They Qualified for Cricket World Cup Qualifiers



Whole Nation was behind the Team

# CWC क्रिकेट लीग २ मा स्वच्छता साझेदारको रूपमा LIFEBUOY

## कभरेज चित्रहरू






स्वच्छता साझेदारको रूपमा Lifebuoy
लक्षित उपभोक्ताहरु/श्रोताहरू र घरपरिवारहरूमा पुग्न माइलेज
माइलेज

- **LB** विनको प्रदर्शन
- स्टेजमा प्रवेश गर्नु अघि हात धुने शर्टहरू
- **LB HW** को सुरुवात एन्कर द्वारा घोषणा गरिनेछ
- पम्प रब छू कार्यक्रम मार्फत स्थापित

- **Mileage**
- प्रति एपिसोड १० सेकेन्ड विज्ञापन
- एस्टन विज्ञापन, प्रति एपिसोड ४ पटक
- बम्पर ब्रेक



# बजार स्थानमा जित्दै

## भविष्यका उदयमान च्यानलहरू ।

वितरण नेटवर्कको स्थानमा भविष्यलाई हेर्दै, यो अनिवार्य छ कि हामीले भविष्यका च्यानलहरु जस्तै आधुनिक व्यापार (MT) र इकमर्समा बलियो पदचिह्न राख्नुपर्छ । हामीले MT साझेदारहरूसँग व्यापारका सर्तहरु (TOT) परिमार्जन गर्न बलियो संलग्नता गरेका थियौं जसले हामीलाई यस वर्ष ब्यानर स्टोरहरूमा बलियो व्यापार गर्न मद्दत गर्‍यो।

हामीले MT खाताहरूमा शेल्फको युनिलिभरको सेयरलाई परिमार्जन गरेका छौं र विश्व स्तरीय दृश्यता कार्यान्वियन गरेका छौं। हामीले काठमाडौं उपत्यकाबाट सुरु हुने सुविधा पसल र मार्टहरूमा पनि भिजिबिलिटी कार्यक्रम सुरु गरेका छौं। हामी ईकमर्समा हाम्रो संलग्नता र पदचिह्न पनि बढाउँदैछौं र युनिलिभरलाई दराज बिक्रेता शिखर सम्मेलन २०२३ मा "शीर्ष बिक्रेता- FMCG कोटी" को रूपमा सम्मानित गरिएको छ।

B2B रिटेलर एप शिखरको परिचयको साथ, हामीले रिटेलरबाट सीधै माग क्याप्चरिङको नयाँ युग सूचारु गरेका छौं जसले उच्च गति र सही ढङ्गले वितरणलाई मद्दत गर्नेछ। हामीसँग १३००० भन्दा बढी आउटलेटहरु छन् जसले शिखरमा नामांकन गरेका छन् र यस अनुप्रयोगको माध्यमबाट आफ्नो अर्डरहरु राखिरहेका छन् ।

## प्रविधिको सदुपयोग गर्दै:

प्रविधिको नयाँ व्यापार यात्राको अन्तरालमा, हामीले बजारबाट मागलाई बलियो तरिकाले थाहा पाउने मोडल बनाएका छौं। यो डिमान्ड क्याप्चर सेल्स-एज एप मार्फत गरिन्छ जुन पूर्ण रूपमा ठोस ब्याकएन्ड डाटाद्वारा संचालित हुन्छ जसले (डीलर सेल्स रिप्रेजेन्टेटिभ) DSR को कामलाई सहज बनाउँछ र मेसिन लर्निङ प्रणाली मार्फत वर्गीकरण बिक्री बढाउन  प्रदान गर्दछ। यसले दिनभर DSR को गतिविधिहरूको अनुगमन गर्दछ र तिनीहरूको कार्यसम्पादन मूल्याङ्कन गर्न मद्दत गर्दछ।  I-Square नामक अर्को एप्लिकेसनमा बजारमा उपस्थिति र काम गर्ने ढाँचा क्याप्चर गर्ने सुविधा छ जसले मापनयोग्य र कार्य गर्न सकिने बलियो डेटाको साथ फिल्ड-फोर्स सक्षम पारेको छ। यसले हाम्रो बजारमा वर्गीकरणको उल्लेखनीय बृद्धि र दिनहुँ उत्कृष्ट कार्यान्वियन सुनिश्चित गर्‍यो ।

## बलियो इन्फ्रा नेतृत्व वितरण:

तपाईको कम्पनीको नेपालमा ७७ मध्ये ७२ जिल्लामा १३९ वितरकको प्रत्यक्ष उपस्थिति भएको सबैभन्दा ठूलो वितरण नेटवर्क छ। हाम्रो प्रत्यक्ष कभरेजले ४५,००० आउटलेटहरु पार गरेको छ। वर्ग विस्तार र वर्गीकरण बिक्रीमा प्राविधिक आधारित नवाचार संग, हामी सेतो ठाउँ र ग्रामीणमा सक्रियता बढाएर २०२४ मा ५०००० आउटलेटमा पुग्ने योजना छ। हामीले शीर्ष शहरहरूमा ४००० आउटलेटहरूमा क्याप्चर फ्रन्ट डिमांड गर्न थप सेवा मिक्स पनि लागू गरेका छौं र जसले बिक्री र वर्गीकरण वृद्धि दोहोरो अंकमा पुर्‍याएको छ। हामीसँग २०२४ सम्म IKEA (हाम्रो बिलिङ सफ्टवेयर) मा १००% ग्राहकहरु ल्याउने योजना छ।





# आपुर्ती श्रृंखलामा जित

यस कमजोर, चिन्तित, गैर रेखीय र बुझ्न नसकिने परिस्थितिको बिचमा आपुर्ति श्रृंखला समितिले कम लागतमा उपभोक्तालाई गुणस्तरिय र उच्चतम सेवाप्रदान गर्ने दृष्टि जारी राखेको छ। यस वर्ष तपाईको कम्पनीले हाम्रो मूल मान्यताहरु सुरक्षा, गुणस्तर र दिगोपनलाई कायम राख्दै स्थानीयकरण, क्षमता वृद्धि, लागत अप्टिमाइजेसन, इन्जिनियरिङ् र सेवा उत्कृष्टता मार्फत सो हासिल गर्न खोजेको छ।

## सुरक्षा, स्वास्थ्य, वातावरण र दिगोपन

| ◆ कम्पनीको कार्यसम्पादन आयमा अत्यधिक निर्भर हुने हुनाले आयको पहिचान र मापनमा निहित जोखिम समावेश हुन्छ, र<br>◆ प्रतिवेदन अवधिको अन्त्यमा ग्राहकहरूसँगको करारको पुरा नगरिएको कार्यसम्पादन सम्बन्धी दायित्वहरूको सम्बन्धमा आयलाईपछी सार्न वित्तीय प्रतिवेदनको ढाँचाको आवश्यकता पर्दछ । | ◆ हामीले निर्धारण गरिएको मिति भित्र बिक्री कारोवारको साथसाथै वर्षको अन्तिम मिति पछिको भरपाईहरु परीक्षण गर्यौं ।<br>◆ हामीले ग्राहकहरूसँग प्रविष्ट गरिएका करारहरूको जाँच गर्यौ र वर्ष भरीको अवधिमा गरिएको बिक्री सम्बन्धी पुरा गर्न बाँकि कार्यसम्पादन सम्बन्धी दायित्वहरूसँग सम्बन्धित व्यवस्थापनको अनुमानको समीक्षा गर्यौ ।<br>◆ हामीले NFRS 15 अनुसार देखाइने गरिने आयको सन्दर्भमा खुलाइएका कुराहरूको पर्याप्तता मूल्याङ्कन गर्यौं ।<br>हाम्रो नतिजा सारभुत टिप्पणीहरू नोट गरिएको छैन । |

## अन्य जानकारीः

युनिलिभर नेपाल लिमिटेडको वार्षिक प्रतिवेदन २०७९-०८० मा वित्तीय विवरणहरु सहित प्रस्तुत गरिएका अन्य जानकारीहरूको लागि कम्पनीखो व्यवस्थापन जिम्मेवार रहेको छ । यो प्रतिवेदन लेखापरीक्षकको प्रतिवेदनको मिति पछि हामीलाई उपलब्ध गराइने अपेक्षा गरिएको छ। वित्तीय विवरणहरूमा हाम्रो रायले स्पष्ट रूपमा तल उल्लेख गरिए अनुसारको निष्कर्ष वाहेक अन्य जानकारीहरु समावेश गर्दैन । साथै हामी लेखापरीक्षण सम्बन्धी अन्य कुनै पनि प्रकारको राय व्यक्त गर्दैनौं । हाम्रो वित्तीय विवरणहरूको लेखापरीक्षणको सम्बन्धमा, माथि उल्लेख गरिएका अन्य जानकारीहरु उपलब्ध हुँदा त्यसलाई पढ्ने र त्यसो गर्दा अन्य जानकारीहरु, वित्तीय विवरणहरु वा लेखापरीक्षणमा प्राप्त हाम्रो ज्ञानसँग सारभुत रूपमा असंगत छ कि छैन वा अन्यथा सारभुत रूपमा गलत व्याख्या गरिएको छ वा छैन भनेर विचार गर्ने हाम्रो जिम्मेवारी हो ।

## वित्तीय विवरणहरूको लागि व्यवस्थापन र त्यसको सञ्चालनको जिम्मा लिएका व्यक्तिहरू जिम्मेवारीहरू

नेपाल फाइनान्सियल रिपोर्टिङ स्ट्याण्डर्ड (NFRS) बमोजिम यी वित्तीय विवरणहरूको तयारी र निष्पक्ष प्रस्तुतीकरणको जिम्मेवारी व्यवस्थापनको हो र व्यवस्थापनले निर्धारण गरेअनुसारको आन्तरिक नियन्त्रणका लागि बेइमानी वा गलत विवरणका दिएका कारण हुनसक्ने सारभुत त्रुटिरहित वित्तीय विवरणहरु तयार गर्न सक्षम बनाउन आवश्यक छ ।

वित्तीय विवरणहरु तयार गर्दा, व्यवस्थापनले कम्पनीलाई खारेज गर्ने वा यसको सञ्चालनलाई बन्द गर्न नचाहेसम्म चलिरहेको कारोवारलाई जारी राख्ने, चलिरहेको कारोवारसँग सम्बन्धित विषयहरु प्रस्तुतगर्ने र चालु कारोवारमा लेखा सम्बन्धी आधार प्रयोग गर्ने र कम्पनीको क्षमताको मूल्याङ्कन गर्ने काममा जिम्मेवार रहेकोछ र त्यसो गर्नु बाहेक यसको कुनै यथार्थपरक विकल्प छैन। सञ्चालनको जिम्मेवारी लिनेहरु कम्पनीको वित्तीय रिपोर्टिङ प्रक्रियाको निरीक्षण गर्न जिम्मेवार छन्।

## वित्तीय विवरणहरूको लेखापरीक्षणको लागि लेखा परीक्षकको जिम्मेवारीः

जालसाजी वा त्रुटिको कारणले गर्दा समग्रमा वित्तीय विवरणहरूसँग सम्बन्धित कागजातहरु गलत विवरणबाट मुक्त छ कि छैन भन्ने कुरामा यथोचित आश्वासन प्राप्त गर्नु र त्यसको आधारमा हाम्रो राय समावेश गरी लेखा परीक्षकको प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वासन भनेको उच्च स्तरको आश्वासन हो, तर NSA बमोजिम गरिएको लेखापरीक्षणले जहिले पनि यो विद्यमान हुँदा कुनै वस्तुगतरुपमा गलत विवरण पत्ता लगाउनेछ भन्ने कुराको प्रत्याभुती भने होइन। यदि छुट्टाछुट्टै वा समग्रमा जालसाजी वा त्रुटिबाट गलत विवरणहरु प्राप्त हुन्छ भने यी वित्तीय विवरणहरूको आधारमा लिइएका प्रयोगकर्ताहरूको आर्थिक निर्णयहरूलाई प्रभाव पार्ने कुराको अपेक्षा गर्न सकिन्छ ।

NSA अनुसार लेखापरीक्षणको एक भागको रूपमा, हामी व्यावसायिक निर्णयको अभ्यास गर्छौं र सम्पूर्ण लेखापरीक्षणमा व्यावसायिक आशंकालाई कायम राख्छौं । हामी निम्न कुराहरू पनि गरेका छौ :

- जालसाजी वा त्रुटिको कारणले गर्दा वित्तीय विवरणहरूको सारभुतरूपमा गलत विवरणहरूको जोखिमहरु पहिचान र मूल्याङ्कन गर्ने, ती जोखिमहरूको लागि उत्तरदायी लेखापरीक्षण प्रक्रियाहरूको डिजाइन र प्रदर्शन गर्ने, र हाम्रो रायको लागि आधार प्रदान गर्न पर्याप्त र उपयुक्त लेखा परीक्षण प्रमाणहरु प्राप्त गर्ने। जालसाजीको परिणामस्वरूप सामग्री गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिको परिणामको तुलनामा बढी हुन्छ, किनकि जालसाजीमा मिलीभगत, धोखा, जानाजानी भूल, गलत बयान, वा आन्तरिक नियन्त्रणको ओभरराइड समावेश हुन सक्छ।

- युनिलिभर नेपाल लिमिटेडको आन्तरिक नियन्त्रणको प्रभावकारिताको बारेमा राय व्यक्त गर्ने उद्देश्यले नभएर उपयुक्त परिस्थितिमा लेखापरीक्षणका प्रक्रियाहरूको ढाँचा तयार गरी लेखापरीक्षणसँग सम्बन्धित आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने,
- प्रयोग गरिएको लेखा नीतिहरूको उपयुक्तता र व्यवस्थापनद्वारा गरिएका लेखा अनुमान र सम्बन्धित तथ्यहरूको औचित्यको मूल्याङ्कन गर्ने,
- युनिलिभर नेपाल लिमिटेडको चालु कारोवारलाई जारी राख्ने क्षमतामा महत्त्वपूर्ण शंका उत्पन्न गराउने घटना वा अवस्थाहरूसँग सम्बन्धित वस्तुगत अनिश्चितता विद्यमान छ कि छैन भनी लेखापरीक्षणको लागि प्राप्त प्रमाणहरूको आधारमा व्यवस्थापनको प्रयोगको उपयुक्ततामा निष्कर्ष निकाल्ने। यदि हामीले वस्तुगतरूपमा कुनै अनिश्चितता रहेको भन्ने निष्कर्षमा पुग्छौ भने, हामीले हाम्रो लेखापरीक्षकको प्रतिवेदनमा वित्तीय विवरणहरूमा भएका सम्बन्धित पुष्ट्याई हरूमा ध्यानाकर्षण गर्न आवश्यक छ वा, यदि त्यस्ता पुस्ट्याईहरु अपर्याप्त छन् भने, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रा निष्कर्षहरु हाम्रो लेखा परीक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखा सम्बन्धी प्रमाणहरूमा आधारित छन्। यद्यपि, भविष्यमा हुने घटना वा परिस्थितिहरूले युनिलिभर नेपाल लिमिटेडलाई चालु कारोवारलाई बन्द गराउन सक्छ।
- पुष्ट्याई सहित वित्तीय विवरणहरूको समग्र प्रस्तुति, संरचना र सामग्री र वित्तीय विवरणहरूले अन्तर्निहित कारोवारहरु र घटनाहरूलाई निष्पक्षरूपमा प्रस्तुतीकरण गर्ने विधी बमोजिमको प्रतिनिधित्व गर्छन् कि गर्दैनन् भन्ने कुराको मूल्याङ्कन गर्ने ।

हामी लेखापरीक्षणको योजनाबद्ध दायरा र समय र महत्वपूर्ण लेखापरीक्षण निष्कर्षहरु, जसमा हामीले हाम्रो लेखापरीक्षणको क्रममा पहिचान गर्ने आन्तरिक नियन्त्रणमा भएका कुनै पनि महत्वपूर्ण कमीहरु लगायत अन्य मामिलाहरूमा ब्यावस्थापीकय जिम्मा लिएका व्यक्तिहरूसँग कुराकानी गर्छौं।

हामीले निष्पक्षता र स्वतन्त्रता सँग सम्बन्धित नैतिक प्रावधानहरूको पालना गरेका छौ र तिनीहरूसँग हाम्रो स्वतन्त्रता र जहाँ हुने सम्बन्धित सुरक्षाका लागि उचित रूपमा सोच्न सक्ने सबै सम्बन्धहरु र अन्य मामिलाहरु आदानप्रदान गर्न हामी कारोवार सञ्चालनको जिम्मेवारी लिएका ब्यक्तिहरूलाई प्रदान गर्दछौं ।

हामीले ब्यवस्थापनको जिम्मेवारीमा रहेक व्यक्तिहरूसँग चालु अवधिको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्त्वपूर्ण विषयमा छलफल गर्छौं र लेखापरीक्षण गर्ने मुख्य विषयहरू निर्धारण गर्छौं । हामीले प्रचलित नियम कानूनले सार्वजनिक गर्न रोक लगाएको वा सार्वजनिक हितको लागि त्यस्तो छलफल सार्वजनिक गर्दा प्रतिकुल परिणाम आउन सक्ने भएको भन्ने सिमित अपवादको अवस्थामा वाहेक लेखा परिक्षण गरीएका विषयहरूलाई लेखापरिक्षण प्रतिवेदनमा विवेचना गर्छौं ।

अन्य कानूनी र नियामक प्रावधानहरू सम्बन्धी प्रतिवेदनः

क. हामीले हाम्रो ज्ञान र विश्वासका आधारमा हाम्रो लेखापरीक्षणको उद्देश्यको लागि आवश्यक पर्ने सबै जानकारी र स्पष्टीकरणहरु प्राप्त गरेका छौ ।

ख. हाम्रो विचारमा, वित्तीय अवस्था, नाफा वा नोक्सान, अन्य व्यापक आम्दानी, शेयर स्वामित्वमा परिवर्तन र नगद प्रवाह आदि कम्पनी ऐन, २०६३ को व्यवस्था बमोजिम र कम्पनीको लेखा किताब र कम्पनीको लेखाको किताब अनुरूप तयार पारिएको र प्रचलित कानून बमोजिम लेखा र अभिलेखहरु ठीकसँग राखिएको छ।

ग. हाम्रो लेखापरीक्षणको क्रममा, हामीले कम्पनीको सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले जानाजानी कानूनको प्रावधान विपरीत काम गरेको वा कम्पनीलाई हानि वा नोक्सान पुऱ्याएको वा कम्पनीको कोषको दुरूपयोग गरेको घटनाहरु भेटेका छैनौं । हामीलाई व्यवस्थापन द्वारा यस्तो कुनै कुराको बारे मा सूचित गरेको छैन ।

घ. हामीले लेखा सम्बन्धी जाँचबाट लेखा समबन्धी कुनै पनि जालसाजी भेटेका छैनौं ।

# वित्तीय स्थितिको विवरण

## ३१ असार २०८० (१६ जुलाई २०२३)

रकम नेरू. मा

| | Note | As at 31 Ashad 2080 | As at 32 Ashad 2079 |
|---|---|---|---|
| **सम्पत्तिहरू** | | | |
| **अचल सम्पतिहरू** | | | |
| सम्पत्ति, प्लान्ट र उपकरणहरू | ३ | १,४४०,५४०,७४३ | १,३४२,२४३,२१८ |
| अमूर्त सम्पतिहरू | ४ | १२,२९२,९७० | ३३,३२७,८१२ |
| सम्पत्ति प्रयोगको अधिकार (बहाल) | ५ | २११,३५६,१२२ | २१५,४५५,४८७ |
| विलम्बित कर सम्पत्तिहरू | १३ | ३३,२८३,१५२ | २३,५७९,०८५ |
| **जम्मा अचल सम्पत्तिहरू** | | **१,६९७,४७२,९८७** | **१,६१४,६०५,६०२** |
| **चालु सम्पत्तिहरू** | | | |
| लगत सूचि (ईन्भेन्टरीहरू) | ७ | ९६३,६०३,६४१ | १,१२३,३२९,४२३ |
| **वित्तीय सम्पत्तिहरू** | | | |
| व्यापार र अन्य प्राप्तिहरू | ८ | १,६६३,७४३,३१७ | १,३५८,६४६,१५९ |
| लगानीहरू | ६ | १,३७९,७१५,३६३ | १,१२९,२४४,७५२ |
| नगद र सो सरह | ९ | ७५५,२६९,७४० | ५४६,१७१,३६५ |
| सि.सि.ई. बाहेकको बैंक मौज्दात | १० | २६,७४८,२२१ | २५,३९८,३१३ |
| **अन्य चल सम्पत्तिहरू** | | | |
| अग्रिम भुक्तानीहरू | | ८,५५५,१३५ | ७,२८७,८४५ |
| | | **४,७९७,६३५,४१७** | **४,१९०,०७७,८५७** |
| **जम्मा सम्पत्तिहरू** | | **६,४९५,१०८,४०४** | **५,८०४,६८३,४५९** |
| **स्वपूंजी (ईक्विटी) र दायित्वहरू** | | | |
| **स्वपूंजी** | | | |
| **शेयर पूंजी (क्यापिटल)** | ११ | ९२,०७०,००० | ९२,०७०,००० |
| कर्मचारी अवकाश कोष | १२ | ७७५,७०३,५०१ | ७८१,३०६,४८६ |
| (खुद) संचित आम्दामीहरू (रिटेन् अर्निङ्) | १२ | ३,४९३,१२८,१३५ | २,७७८,७६४,८९१ |
| **जम्मा स्वपूंजी (ईक्विटी)** | | **४,३६०,९०१,६३६** | **३,६५२,१४१,३७७** |
| **दायित्वहरू** | | | |
| **अचल दायित्वहरू** | | | |
| लीज दायित्वहरु | १४ | १८९,२४०,०४० | १७८,६४०,७०५ |
| व्यवस्थाहरू (प्रोभिजनस) | १५ | २२,४७०,६७१ | २१,१४९,८२१ |
| **जम्मा अचल दायित्वहरू** | | **२११,७१०,७११** | **१९९,७९०,५२६** |
| **चालु दायित्वहरू** | | | |
| **वित्तीय दायित्वहरू** | | | |
| व्यापार र भुक्तानीहरू | १६ | १,८०९,४८२,६२४ | १,८०९,७६८,४३३ |
| लीज दायित्वहरु | १४ | ४४,६०७,२७१ | ५४,६४४,२३७ |
| व्यवस्थाहरू (प्रोभिजनस) | १५ | ५९,३३६,९१२ | ७५,३५७,४०६ |
| चालु कर दायित्विहरू | २४ | ९,०६९,२५० | १२,९८१,४८० |
| **जम्मा चालु दायित्वहरू** | | **१,९२२,४९६,०५७** | **१,९५२,७७१,५५६** |
| **जम्मा दायित्वहरू** | | **२,१३४,२०६,७६८** | **२,१५२,५४२,०८२** |
| **जम्मा स्वपूंजी (ईक्विटी) र दायित्वहरू** | | **६,४९५,१०८,४०४** | **५,८०४,६८३,४५९** |

संलग्न नोटहरू यो विवरणहरूका अभिन्न अंग हुन् । प्रस्तुत विवरण आजसम्मको प्रतिवेदनको आधारमा तयार पारिएका हुन् ।

**श्री देव बाजपेई**
अध्यक्ष

**रवि भक्त श्रेष्ठ**
सञ्चालक

**अम्लान मुखर्जी**
प्रबन्ध निर्देशक

**मदन कृष्ण शर्मा**
साझेदार
CSC & Co.
चार्टर्ड एकाउन्टेन्ट

**सुमन हेगडे**
सञ्चालक

**सुबास बज्राचार्य**
स्वतन्त्र सञ्चालक

**फहद शेरिफ**
प्रमुख वित्तिय अधिकृत

**योगेश मिश्रा**
सञ्चालक

**हरमन ढिलोन**
सञ्चालक

**संगीता श्रेष्ठ**
कम्पनी सचिव

**मितिः २६ असोज, २०८०**

**स्थानः काठमाण्डौ, नेपाल**

# नाफा वा हानिको विवरण

## ३१ असार २०८० (१६ जुलाई २०२३)

रकम नेरु. मा

| | Note | For the year 2079-80 | For the year 2078-79 |
|---|---|---|---|
| सञ्चालनबाट आय | १७ | ८,४८०,३५७,१२६ | ७,३३३,६१४,७२७ |
| अन्य आम्दामी | १८ | १९३,५५०,८५५ | १२१,७८४,५७० |
| **जम्मा आम्दामी** | | **८,६७३,९०७,९८१** | **७,४५५,३९९,२९७** |
| **खर्चहरू** | | | |
| कच्चा वस्तु उपभोग लागत | १९ | ४,२७८,२९१,७६४ | ४,१५४,८४३,८७१ |
| तयारी बस्तुको लगतसूचिमा परिवर्त्तन (व्यापारमा रहेका | २० | १४२,९६८,२७५ | (१८७,२८५,८३८) |
| कर्मचारीको सुविधा खर्चहरू | २१ | ५८९,१९९,२६६ | ५२३,३२१,१७७ |
| ह्रासकट्टी तथा क्रमिक ऋण भुक्तानी | ३,४,५ | २९४,६१७,०३९ | २४३,५१७,२७६ |
| वित्तीय लागत | २२ | २९,६३४,२८५ | २४,९५९,२५४ |
| अन्य खर्चहरू | २३ | १,०९९,९५६,८१९ | ८१३,५७५,३९७ |
| **जम्मा खच** | | **६,४३४,६६७,४४८** | **५,५७२,९३१,१३७** |
| **कर पूर्वको नाफा** | | **२,२३९,२४०,५३३** | **१,८८२,४६८,१६०** |
| आयकर खर्च | २४ | (४०४,९१९,२५०) | (३४०,४८७,६१६) |
| **संचालन निरन्तरताबाट प्राप्त नाफा** | | **१,८३४,३२१,२८३** | **१,५४१,९८०,५४४** |
| **वर्षको खुव नाफा** | | **१,८३४,३२१,२८३** | **१,५४१,९८०,५४४** |
| प्रति शेयर आधारभूत तथा डाइलुटेड आम्दानी | २६ | १,९९२ | १,६७५ |

संलग्न नोटहरू यो विवरणहरूका अभिन्न अंग हुन् । प्रस्तुत विवरण आजसम्मको प्रतिवेदनको आधारमा तयार पारिएका हुन् ।

**श्री देव बाजपेई**
अध्यक्ष

**रवि भक्त श्रेष्ठ**
सञ्चालक

**अम्लान मुखर्जी**
प्रबन्ध निर्देशक

**मदन कृष्ण शर्मा**
साझेदार
CSC & Co.
चार्टड एकाउन्टेन्ट

**सुमन हेगडे**
सञ्चालक

**सुबास बज्राचार्य**
स्वतन्त्र सञ्चालक

**फहद शेरिफ**
प्रमुख वित्तिय अधिकृत

**योगेश मिश्रा**
सञ्चालक

**हरमन ढिलोन**
सञ्चालक

**संगीता श्रेष्ठ**
कम्पनी सचिव

**मितिः २६ असोज, २०८०**
**स्थानः काठमाण्डौ, नेपाल**

# अन्य व्यापक आयको विवरण

## ३१ असार २०८० (१६ जुलाई २०२३)

रकम नेरु. मा

| | Note | For the year 2079-80 | For the year 2078-79 |
|---|---|---|---|
| नाफा नोक्सानको विवरण बमोजिम वर्षको खुद नाफा वा नोक्सान | | १,८३४,३२१,२८३ | १,५४१,९८०,५४४ |
| पछिल्लो अवधिको विवरणमा नाफा/नोक्सान पुनः वर्गिकरण नगरिने अन्य विस्तृत आय | | | |
| पेन्सन सुविधामा परिभाषित बिमाङ्कीय नाफा/नोक्सान | २५ | ६८४,२३२ | ९४७,६०८ |
| एक्चुरियल लाभ/(हानि) मा स्थगित कर | | (११६,३२०) | - |
| **वर्षको अन्य विस्तृत नाफा/नोक्सान (कर बाहेक)** | | **५६७,९१२** | **९४७,६०८** |
| **वर्षको जम्मा विस्तृत नाफा/नोक्सान (कर बाहेक)** | | **१,८३४,८८९,१९५** | **१,५४२,९२८,१५२** |

# इक्विटीमा परिवर्तनहरूको विवरण

## ३१ असार २०८० (१६ जुलाई २०२३)

रकम नेरू मा

| | Share capital | Retirement Benefit Scheme Reserve | Retained earnings | Total |
|---|---|---|---|---|
| २०८० आषाढ ३१ मा मौज्दात | ९२,०७०,००० | ६५८,७८०,५२० | १,८५४,१७२,७७४ | २,६०५,०२३,२९४ |
| Opening Adjustment for NFRS-16 | - | - | (१९,८८१,०३५) | (१९,८८१,०३५) |
| यस वर्षको नाफा | - | - | १,५४१,९८०,५४४ | १,५४१,९८०,५४४ |
| अन्य विस्तृत आय | - | - | ९४७,६०८ | ९४७,६०८ |
| जम्मा विस्तृत आय | - | - | १,५२३,०४७,११७ | १,५२३,०४७,११७ |
| शेयरधनीहरूका लागि लाभांश | - | - | (५९८,४५५,०००) | (५९८,४५५,०००) |
| अवकाश सुविधामा भुक्तानी | - | १३७,२७८,८०५ | - | १३७,२७८,८०५ |
| सामान्य संचिति रूपान्तरण | - | (१४,७५२,८३९) | - | (१४,७५२,८३९) |
| २०८० आषाढ ३१ मा मौज्दात | ९२,०७०,००० | ७८१,३०६,४८६ | २,७७८,७६४,८९१ | ३,६५२,१४१,३७७ |
| वर्षको नाफा | - | - | १,८३४,३२१,२८३ | १,८३४,३२१,२८३ |
| Adjustment for NFRS-16 | - | - | (१,८७५,४५१) | (१,८७५,४५१) |
| अन्य विस्तृत आय | - | - | ५६७,९१२ | ५६७,९१२ |
| जम्मा विस्तृत आय | - | - | १,८३३,०१३,७४४ | १,८३३,०१३,७४४ |
| शेयरधनीहरूका लागि लाभांश | - | - | (१,११८,६५०,५००) | (१,११८,६५०,५००) |
| अवकाश सुविधामा भुक्तानी | - | (५,६०२,९८५) | - | (५,६०२,९८५) |
| | ९२,०७०,००० | ७७५,७०३,५०१ | ३,४९३,१२८,१३५ | ४,३६०,९०१,६३६ |

संलग्न नोटहरू यो विवरणहरूका अभिन्न अंग हुन् । प्रस्तुत विवरण आजसम्मको प्रतिवेदनको आधारमा तयार पारिएका हुन् ।

**श्री देव बाजपेई**
अध्यक्ष

**रवि भक्त श्रेष्ठ**
सञ्चालक

**अम्लान मुखर्जी**
प्रबन्ध निर्देशक

**मदन कृष्ण शर्मा**
साझेदार
CSC & Co.
चार्टर्ड एकाउन्टेन्ट

**सुमन हेगडे**
सञ्चालक

**सुबास बज्राचार्य**
स्वतन्त्र सञ्चालक

**फहद शेरिफ**
प्रमुख वित्तिय अधिकृत

**योगेश मिश्रा**
सञ्चालक

**हरमन ढिलोन**
सञ्चालक

**संगीता श्रेष्ठ**
कम्पनी सचिव

**मितिः २६ असोज, २०८०**
**स्थानः काठमाण्डौ, नेपाल**

# नगद प्रवाहको विवरण

## ३१ असार २०८० (१६ जुलाई २०२३)

रकम नेरू. मा

| | Note | As at 31 Ashad 2080 | As at 32 Ashad 2079 |
|---|---|---|---|
| **कार्य संचालनबाट नगद प्रवाह** | | | |
| वर्षको नाफा | | १,८३४,३२१,२८३ | १,५४१,९८०,५४४ |
| समायोजनका लागिः | | | |
| वर्षभरिको आयकर | २४ | ४०४,९११,२५० | ३४०,४८७,६१६ |
| सम्पति, प्लान्ट र उपकरणहरुको ह्रासकट्टी | ३ | ९५,१२५,२३७ | ९१,१६७,१०८ |
| अचल सम्पतिको क्रमिक ऋण भुक्तानी | ४ | २१,००३,४०८ | २२,८९९,०९९ |
| Depreciation on Right of Use-Lease | ५ | १७८,४८८,३९४ | १२९,४५१,०६८ |
| अब्सोलेसेन्स् ईन्भेन्टरीको लागि व्यवस्था | ७ | १०,०१५,९०३ | (४३,५८२,३३७) |
| कर्मचारी सुविधा भत्ता | १५ | २,१७४,२८३ | (१३३,१४३,०३१) |
| अन्य व्यवस्था | १५ | (१६,३०६,०१५) | (१७,१६२,९५५) |
| बोनसका लागि व्यवस्था | २१ | २५१,३१७,६८० | २११,२७५,८८७ |
| वित्तीय आय | १७ | (१२०,४६३,३५१) | (९३,७०४,६५७) |
| स्थिर सम्पति अपलेखन (डब्लु अफ) | २३ | ३,६०२,९२८ | २८,६७९,७१३ |
| Right of Use-Lease write off | ५ | ९,५८२,३५६ | (२,३३९,६९२) |
| वित्तिय खर्च | २२ | २९,६३४,२८५ | २०,१५१,९९८ |
| चालु पूंजीको समायोजनः | | | |
| व्यापार र अन्य प्राप्तिमा(वृद्धि) कमी | ८ | (३०५,०९७,१५८) | (३७६,४९४,२४७) |
| अग्रिम भुक्तानीमा (वृद्धि) कमी | | (१,२६७,२९०) | (२,१५०,५३६) |
| ईन्भेन्टरीमा (वृद्धि) कमी | ७ | १४९,७०९,८७९ | (२३७,२०४,१३३) |
| व्यापार र अन्य प्राप्तिमा वृद्धि(कमी) | १६ | (४३,६०७,५७३) | (१७२,५०८,५२२) |
| **सञ्चालनबाट उपार्जित आय** | | **२,५०३,१५३,४९९** | **१,३०७,८०२,९२३** |
| बोनस भुक्तानी | | (२११,२९२,८७७) | (११७,९४६,६३०) |
| आयकर भुक्तानी | | (४१८,५३५,५४७) | (२१२,०३३,१५५) |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | | **१,८७३,३२५,०७५** | **९७७,८२३,१३८** |
| **प्रयोगमा रहेका) लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| सम्पति, प्लान्ट र उपकरणहरुको बिक्रीबाट लाभ | | ४,७१३,४०० | - |
| प्राप्त ब्याज | | १२८,१९२,७४१ | ८६,९०९,८४५ |
| सम्पति, प्लान्ट र उपकरणहरुको प्राप्ति | ३ | (२०१,७०७,६५६) | (४६५,६९४,८७७) |
| (ईन्ट्यान्जिवल्स) को खरिद | ४ | - | (३२८,५२५) |
| राइट अफ युज लिज मा बृद्ध वा कम | | (१८५,८४६,८३७) | (९८,६३६,५६३) |
| प्लान्ट सम्पत्ति र इक्युपमेन्टमा समायोजन | | - | (२,४५२,७६९) |
| एफ डि मा लगानीमा कमी (वृद्धि) | | (२५८,२००,०००) | (१८८,१००,०००) |
| सि.सि.ई. बाहेकको अन्य बैंक बचतमा कमी (वृद्धि) | | (१,३४९,९०८) | ८,५११,१३५ |
| **लगानी गतिविधिबाट कुल नगद प्रवाह** | | **(५१४,१९८,२६०)** | **(६५९,७९१,७५४)** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | |
| लाभांश भुक्तानी | | (१,११५,३५३,५४०) | (६०९,९४९,३३५) |
| सेवा निवृत्ति लाभ योजना सञ्चितमा जम्मा | | (२९,०७१,९१५) | (५०,६७८,३८८) |
| सेवा निवृत्ति लाभ योजना सञ्चितमा जम्मा | | - | १३७,२७८,८०५ |
| सेवा निवृत्ति लाभ योजना सञ्चितबाट भुक्तान | | (५,६०२,९८५) | (१४,७५२,८३९) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | | **(१,१५०,०२८,४४०)** | **(५३८,१०१,७५७)** |
| **नगद वा नगद सरहमा वृद्धि (कमी)** | | **२०९,०९८,३७५** | **(२२०,०७०,३७३)** |
| **नगद वा नगद सरह वर्षको शुरुमा** | ९ | **५४६,१७१,३६५** | **७६६,२४१,७३८** |
| **नगद वा नगद सरह वर्षको अन्तमा** | ९ | **७५५,२६९,७४०** | **५४६,१७१,३६५** |

संलग्न नोटहरू यो विवरणहरूका अभिन्न अंग हुन् । प्रस्तुत विवरण आजसम्मको प्रतिवेदनको आधारमा तयार पारिएका हुन् ।

**श्री देव बाजपेई**
अध्यक्ष

**रवि भक्त श्रेष्ठ**
सञ्चालक

**अम्लान मुखर्जी**
प्रबन्ध निर्देशक

**मदन कृष्ण शर्मा**
साझेदार
CSC & Co.
चार्टर्ड एकाउन्टेन्ट

**सुमन हेगडे**
सञ्चालक

**सुबास बज्राचार्य**
स्वतन्त्र सञ्चालक

**फहद शेरिफ**
प्रमुख वित्तिय अधिकृत

**योगेश मिश्रा**
सञ्चालक

**हरमन ढिलोन**
सञ्चालक

**संगीता श्रेष्ठ**
कम्पनी सचिव

**मितिः २६ असोज, २०८०**
**स्थानः काठमाण्डौ, नेपाल**

# वित्तीय स्थितिको विवरण

## आषाढ ३१, २०८० (जुलाई १६, २०२३) सम्म

### १. संस्थागत जानकारी

युनिलिभर नेपाल लिमिटेड ("कम्पनी") नेपालको कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापना भएको र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीबद्ध भएको पब्लिक लिमिटेड कम्पनी हो । कम्पनीको रजिष्टर्ड कार्यालय र कारोवार गर्ने प्रमुख स्थान बसामदी, हेटौंडामा-३, मकवानपुर, नेपालमा रहेको छ ।

कम्पनीको मुख्य उद्देश्यहरु डिटर्जेन्टहरु, सरसफाइ गर्ने सामानहरू, लुगा धुने साबुन, शौचालय साबुन, व्यक्तिगत र सौन्दर्य हेरचाहका सामानहरु र खाद्यबस्तुहरु उत्पादन, बिक्री र वितरण गर्नु हो ।

### २. महत्त्वपूर्ण लेखा नीतिहरू

२.१ तयारीको आधार

२.१.१. अनुपालन सम्बन्धी कथन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स इन्स्टिच्युट (ICAN) द्वारा लागू गरिएको नेपाल वित्तीय प्रतिवेदन मानक (NFRS) बमोजिम वित्तीय विवरण तयार गरिएको हो । नेपालको कम्पनी ऐन, २०६३ अनुसार प्रस्तुत गर्नुपर्ने प्रावधानहरु बमोजिमका वित्तीय विवरणहरु पनि तयार गरिएको छ ।

२.१.२. वित्तीय विवरणहरु प्रकाशित गर्न मिति २०८०-०७-२६ मा सञ्चालक समितिले अख्तियारी प्रदान गरेको छ ।

२.१.३. निरन्तर कारोवार:

कम्पनीको ब्यवसाय चालु अवस्थामा रहेको छ भन्ने आधारमा वित्तिय विवरणहरु तयार गरिएको छ ।

२.१.४. मापनका आधार

वित्तीय स्थिति विवरणमा देहायका सामाग्रीहरु बाहेक ऐतिहासिक लागतको आधारमा वित्तीय विवरण तयार गरिएको छ ।

- परिभाषित लाभ योजना, सेवानिवृत्ति योजना, अधिशेष र घाटा उचित मूल्यमा मापन गरिन्छ।

२.१.५ महत्वपूर्ण लेखा अनुमान

नेपाल वित्तीय प्रतिवेदन मानकहरु अनुरूप वित्तीय विवरणहरु तयार गर्न केही महत्वपूर्ण लेखा सम्बन्धी अनुमानहरु र निर्णयहरु प्रयोग गर्न आवश्यक छ । ब्यवस्थापनले निर्णय गर्दा कम्पनीले लागु गर्ने लेखा नीतिहरुको प्रक्रियामा पनि निर्णय गर्न आवश्यक हुन्छ । कम्पनीले भविष्यका घटनाहरुको सन्दर्भमा निश्चित अनुमानहरु र धारणाहरु बनाउँछ । अनुमानहरु र निर्णयहरु ऐतिहासिक अनुभव र अन्य कारकहरुको आधारमा निरन्तर मूल्याङ्कन गरिन्छ, जसमा परिस्थिती अणुसार लागु हुने भविष्यका घटनाहरुको अपेक्षाहरु समावेश हुन्छन भन्ने विश्वास गरिन्छ । भविष्यमा, वास्तविक परिणाम यी अनुमानहरु र धारणाहरु भन्दा फरक हुन सक्छ । आउँदो आर्थिक वर्ष भित्र सम्पत्ति र दायित्व वहन गर्ने रकममा भौतिक समायोजन गराउने र महत्त्वपूर्ण जोखिम हुने अनुमान र लागतहरु मुख्य रूपमा समावेश छन्: -

(क) कर्मचारी लाभ सम्बन्धी व्यवस्था

परिभाषित लाभ योजनाहरुको लागत र त्यस्ता दायित्वहरुको वर्तमान मूल्य एक्चुरियल मूल्याङ्कन प्रयोग गरेर निर्धारण गरिन्छ । वास्तविक मूल्याङ्कनले भविष्यमा हुने वास्तविक घटनाहरुबाट भिन्न हुन सक्ने विभिन्न अनुमानहरु समावेश गर्दछ । यसमा छुट दर, भविष्यको तलब वृद्धि, मृत्युदर र भविष्यको निवृत्तिभरण वृद्धिको निर्धारण समावेश छ। मूल्याङ्कन र यसको दीर्घकालीन प्रकृतिमा संलग्न जटिलताहरुको कारणले गर्दा परिभाषित लाभ, दायित्व र यी मान्यताहरुमा हुने परिवर्तनहरुप्रति अत्यधिक संवेदनशील हुन्छ । सबै अनुमानहरु प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ ।

यो सिमा मुलरूपमा छुटका दरमा आधारित हुन्छ । उपयुक्त छुट दर निर्धारण गर्दा व्यवस्थापनले सरकारी ऋणपत्रको ब्याजदरलाई विचार गर्दछ । मृत्युदर देशको लागि सार्वजनिक रूपमा उपलब्ध नेपाल एस्योर्ड लाइभ्स मृत्युदर तालिकामा आधारित छ । ती मृत्युदर तालिकाहरु जनसांख्यिकीय परिवर्तनहरुको अन्तरालहरुमा मात्र परिवर्तन हुन्छन् । भविष्यको तलब वृद्धि देशको लागि अपेक्षित भावी मद्रास्फीति दरहरुमा आधारित हुन्छ । कर्मचारी लाभ दायित्व बारे थप विवरण नोट २.२.१४, नोट १५ र नोट २७ मा दिइएको छ।

(ख) स्थगित करको मान्यता

स्थगित करले अस्थायीरूपमा फरक पर्ने भिन्नताहरुको मान्यता प्राप्त गर्दछ।

कम्पनीको वित्तीय विवरणहरु तयार हुँदा उपलब्ध सिमाहरुमा आफ्नो अनुमान र लागतहरु आधारित भएर गरिएको हुन्छ । तथापि विद्यमान परिस्थितिहरु र भविष्यका घटनाहरुको बारेका हुने अनुमानहरु, बजारमा हुने परिवर्तनहरु वा कम्पनीको नियन्त्रण बाहिर उत्पन्न परिस्थितिहरुको कारण परिवर्तन हुन सक्छन । त्यस्ता परिवर्तनहरु अनुमानहरुमा प्रतिबिम्बित हुन्छन् । स्थगित कर बारे थप विवरण नोट २.२.१५ र नोट १३ मा दिइएको छ।

(ग) ह्रासकट्टी र परिशोधन सम्बन्धी प्रावधान

ह्रासकट्टी र परिशोधन सम्पत्तिको अनुमानित उपयोग अवधीको आधारमा गणना गरिन्छ । सम्पत्ति, बोटबिरुवा र उपकरण र प्रारम्भिक रूपमा मान्यता प्राप्त कुनै पनि महत्त्वपूर्ण भागको वस्तुलाई निशर्ग वा यसको प्रयोग वा निसर्गबाट भविष्यमा हुने कुनै आर्थिक लाभको अपेक्षा नगरिएको अवस्थामा गरिन्छ । कायमी मूल्यहरु, उपयोग हुने अवधी, र सम्पत्ति, बिरूवा र उपकरणहरुको ह्रासकट्टीको विधिहरु प्रत्येक आर्थिक वर्षको अन्त्यमा समीक्षा गरिन्छ र उपयुक्त भएमा सम्भावित रूपमा समायोजन गरिन्छ ।

कम्पनीले वित्तीय विवरणहरु तयार हुँदा उपलब्ध सिमाहरूमा आफ्नो अनुमान र प्रक्षेपणहरूमा आधारित भएर गरेको हुन्छ । तथापि विद्यमान परिस्थितिहरु र भविष्यका घटनाहरुको बारेका अनुमानहरु, बजारमा हुने परिवर्तनहरु वा कम्पनीको नियन्त्रण बाहिर उत्पन्न परिस्थितिहरुको कारण त्यसमा परिवर्तन हुन सक्छ । त्यस्ता परिवर्तनहरु भएको खण्डमा पहिलेका अनुमानहरूमा त्यामा प्रतिबिम्बित हुन्छन् ।

२.१.६. काम गर्नको लागि प्रचलन गरिने मुद्राः

वित्तीय विवरणहरु नेपाली रुपैयाँ (NPR) मा तयार गरिन्छ, जुन कम्पनीको काममा प्रचलित मुद्रा हो ।

२.१.७. पुँजीको व्यवस्थापन

कम्पनीको पूँजी व्यवस्थापनको उद्देश्यका लागि, जारी गरिएको पूँजी र कम्पनीका इक्विटी धारकहरूलाई प्राप्त हुने अन्य सबै इक्विटी रिजर्भहरु समावेश हुन्छन् ।

कम्पनीले यसको आफ्नो क्षमतालाई सुरक्षित गर्न, चालु ब्यवसायको लाई जारी राख्न र शेयरधनीहरूलाई प्रतिफल प्रदान गर्नको लागि आफ्नो पूँजी व्यवस्थापन गर्दछ । कम्पनीको पूँजी संरचना यसको रणनीतिक र दैनिक आवश्यकताहरु पूरा गर्न मुख्य तत्वहरुको उचित सन्तुलनको व्यवस्थापनको निर्णयमा आधारित हुन्छ । कम्पनीले जोखिमको अनुपातमा पूँजीको मात्रालाई विचार गर्दछ र आर्थिक अवस्थाहरूमा परिवर्तन र अन्तर्निहित सम्पत्तिहरुको जोखिम विशेषताहरुको आधारमा पूँजी संरचनाको व्यवस्थापन गर्दछ।

कम्पनीले कुशल पूँजी व्यवस्थापन मार्फत लाभदायक वृद्धिलाई उच्च नगद उत्पादनमा परिवर्तन गर्ने लक्ष्य राखेको छ । लगानीकर्ता, ऋणदाता र बजारको विश्वासलाई कायम राख्न र आफ्नो व्यवसायको भविष्यको विकास र वृद्धिलाई दिगो बनाउनको लागि कुल इक्विटीमा ध्यान केन्द्रित गरी स्थिर र बलियो पूँजी संरचना कायम गर्ने कम्पनीको नीति रहेको छ । कम्पनीको जोखिम प्रोफाइललाई असर नगरी, आवश्यक परेमा, स्वतन्त्रता, सुरक्षा, साथै सम्भावित भविष्यको ऋणको लागि उच्च वित्तीय लचिलोपन सुनिश्चित गर्न बलियो कुल इक्विटी आधार राख्नमा कम्पनीको ध्यान केन्द्रित रहेको छ । कम्पनीले आफ्नो पूँजी संरचनालाई कायम राख्न वा आवश्यक भएमा समायोजन गर्न उपयुक्त कदम चाल्नेछ ।

व्यवस्थापनले पूँजीको प्रतिफल र शेयरधनीहरूलाई प्रदान गर्ने लाभांशको स्तर अनुगमन गर्दछ । कम्पनीको लक्ष्य भावि दिनहरूमा लाभांश वितरण गर्न जारी राखी शेयरधनीहरूलाई थप रकम फिर्ता गर्न सक्षम बनाउन जारी राख्नु हो ।

असार ३१, २०८ र ३१ असार ३२, २०७९ मा समाप्त भएका वर्षहरूमा पूँजी व्यवस्थापनको उद्देश्य, नीति वा प्रक्रियामा कुनै परिवर्तन गरिएको छैन ।

२.२. महत्त्वपूर्ण लेखा नीतिहरु र अन्य व्याख्यात्मक नोटहरु

वित्तीय विवरणहरु तयार गर्दा अपनाइएका प्रमुख लेखा नीतिहरु तल दिइएको छ। अन्यथा भनिएको बाहेक नीतिहरु प्रस्तुत गरिएका सबै वर्षहरूमा निरन्तर रूपमा लागू गरिएको छ । वित्तीय विवरणहरु प्रस्तुत गर्न निश्चित लेखा अनुमानहरुको प्रयोग आवश्यक हुन्छ । वित्तीय विवरणहरु तयार गर्दा महत्त्वपूर्ण निर्णय र अनुमान गरिएका क्षेत्रहरु र तिनीहरुको प्रभावहरु यसमा उल्लेख गरिएको छ।

२.२१. गैर-वित्तीय सम्पत्तिहरुको ह्रास (सूचीहरु र स्थगित कर सम्पत्तिहरु बाहेक)

गैर-वित्तीय सम्पत्तिहरु जब घटनाहरु वा परिस्थितिहरूमा परिवर्तन भएको अवस्थामा तिनिहरुको मुल्य असुल-उपर सक्दैन भन्ने संकेत गर्दछ त्यसको हानि परीक्षणको अधीनमा हुन्छन । जहाँ सम्पत्ति लिएको मूल्य यसको पुनः प्राप्ति योग्य रकम (अर्थात् प्रयोगमा मूल्यको उच्च र बिक्रीको लागि उचित मूल्य कम लागत) भन्दा बढी हुन्छ, सम्पत्ति तदनुसार लेखिन्छ । पुनःप्राप्ति योग्य रकम, जबसम्म सम्पत्तिले नगद प्रवाह उत्पन्न गर्दैन जुन अन्य सम्पत्तिहरु वा सम्पत्तिहरुको समूहहरूबाट धेरै हदसम्म स्वतन्त्र हुन्छ तिनिहरू व्यक्तिगत सम्पत्तिको लागि निर्धारण गरिन्छ । जब सम्पत्ति वा नगद उत्पादन एकाइहरुको लिने रकम यसको असुली रकम भन्दा बढी हुन्छ, सम्पत्तिलाई बिग्रिएको मानिन्छ र यसको पुनः प्राप्ति योग्य रकममा लेखिन्छ । पहिलेको लेखा अवधिहरूमा सम्पत्तिको लागि मान्यता प्राप्त कमजोरी हानि अब अवस्थित हुन सक्दैन वा घटेको हुन सक्छ भन्ने कुनै संकेत छ कि छैन भनेर पनि मूल्याङ्कन गरिन्छ । यदि त्यस्तो कुनै संकेत अवस्थित छ भने, सम्पत्तिको पुनः प्राप्ति योग्य रकमको अनुमान गरिएको छ। स्थिर सम्पत्तिको खरिद रकमलाई यसको पुनः प्राप्ति योग्य रकनको संशोधित अनुमानमा बढाइन्छ जस्तै कि बढेको खरिद रकम अघिल्लो वर्षहरूमा सम्पत्तिको लागि कुनै नोक्सान नभएको खण्डमा निर्धारण गरिएको ह्रास बहन रकम भन्दा बढी हुँदैन। तिनीहरूले पहिले नै अन्य व्यापक आय मा मान्यता प्राप्त लाभ/हानिको फिर्ता भएको हद बाहेक हानि नोक्शानी वा फिर्ता लिएको वा भएको नोक्सानीमा समावेश भएको छ ।

२.२.२ विदेशी मुद्राको कारोवार

कम्पनीले सञ्चालन गरेको प्राथमिक आर्थिक परिवेशको मुद्रा बाहेक अन्य मुद्रामा कम्पनीले प्रवेश गरेको कारोबार लेनदेन हुने बेलामा दर नियममा रेकर्ड गरिन्छ। वर्षको अवधिमा तय भएको विदेशी मुद्रा कारोवार गर्दा विनिमयमा भएका फरकहरू नाफा वा नोक्सानको हिसाबमा पहिचान गरिन्छ । फरफारक नभएको विदेशी मुद्राको मौद्रिक सम्पत्ति र दायित्वहरू प्रतिवेदन मितिमा प्रचलित दरहरूमा परिवर्तन गरिन्छ । फरफारक भएको मौद्रिक सम्पत्ति र दायित्वहरूको पुनः विनिमय गर्दा उत्पन्न हुने विनिमय भिन्नताहरू नाफा वा नोक्सानको विवरणमा तुरुन्तै पहिचान गरिन्छ ।

कम्पनीले फर्म प्रतिबद्धताहरूसँग सम्बन्धित विदेशी मुद्रा एक्सपोजरहरू विरुद्ध हेज गर्न फर्वार्ड एक्सचेन्ज अनुबंधहरू प्रयोग गर्दछ । कम्पनीले व्यापार वा साटफेरको उद्देश्यका लागि कुनै पनि व्युत्पन्न उपकरणहरू प्रविष्ट गर्दैन । रिपोर्टिङ मितिको अन्त्यमा अगाडिको विनिमय दरहरू र विनिमय दरहरू बीचको भिन्नताहरूलाई रिपोर्टिङ मितिको अन्त्यमा आय वा व्ययको रूपमा मान्यता दिइन्छ । फर्वार्ड एक्सचेन्ज सम्झौताहरू रद्द वा नवीकरण गर्दा उत्पन्न हुने नाफा/नोक्सानीलाई सो अवधिको लागि आय/व्ययको रूपमा मान्यता दिइन्छ।

२.२.३. सम्पत्ती, कारखाना र उपकरणः

सम्पत्ति, कारखाना र उपकरणका वस्तुहरू सुरूमा लागतमा नापिन्छन् । लागतमा खरिद मूल्य र सम्पत्ति, कारखाना र उपकरणको प्रयोगको लागि उपलब्ध गराउने सम्मको अन्य प्रत्यक्षरुपमा सुम्पिएका लागतहरू समावेश भएकाछन् । लागतमा कारखाना र उपकरणको भाग प्रतिस्थापनको लागत र तोकिएको मापदण्ड पूरा भएमा दीर्घकालीन निर्माण परियोजनाहरूको लागि उधारो लागत पनि समावेश हुन्छ । जब कारखाना र उपकरणका महत्त्वपूर्ण भागहरू अन्तरालहरूमा प्रतिस्थापन गर्न आवश्यक हुन्छ, कम्पनीले तिनीहरूलाई तिनीहरूको विशिष्ट उपयोगीताको आधारमा छुट्टै ह्रासकट्टी गर्दछ । त्यसै गरी यदि स्विकार गर्ने मापदण्डमा सन्तुष्ट भएमा प्रतिस्थापनको रूपमा जब प्राथमिकता दिई निरीक्षण गरिन्छ, यसको लागत कारखाना र उपकरणको लागत रकमलाई मान्यता दिइन्छ । अन्य सबै मर्मत र मर्मतसम्भार लागतहरू नाफा वा नोक्सानको रूपमा स्वीकार गरिन्छ । त्यसपछि, सम्पत्ति, कारखाना र उपकरण लागत, संचित ह्रासकट्टीको नेट र संचित हानि नोक्सान भएमा सो उल्लेख गरिएको छ ।

रिपोर्टिङ मितिमा अभिप्रेत प्रयोगको लागि तयार नभएका सम्पत्तिहरूलाई "Capital Work in progress" को रूपमा खुलाइन्छ । निशर्गमा लाभ र नोक्सानहरू बहन गर्ने रकम भएमा सोको हिसाब गरेर निर्धारण गरिन्छ र नाफा वा नोक्सानको विवरणमा तुरुन्तै प्रविष्ट गरिन्छ ।

२.२.४ ह्रासकट्टीः

स्वतन्त्ररूपमा उपभोग गर्न पाउने भूमिको ह्रासकट्टी भएको छैन । निर्माणाधीन सम्पत्तिहरू, जबसम्म तिनीहरू पूर्ण र प्रयोगको लागि उपलब्ध हुँदैनन तबसम्म ह्रासकट्टी सुरु हुँदैन । सम्पत्ति, कारखाना र उपकरणका अन्य सबै वस्तुहरूमा ह्रासकट्टी प्रदान गरिएको छ ताकि अपेक्षित उपयोगी आर्थिक जीवनमा तिनीहरूको ह्रासकट्टी रकम अपलेखन गर्न सकिन्छ ।

व्यवस्थापनले निर्धारण गरेको सम्पत्तिको अनुमानित उपयोगी अवधिको आधारमा सिधा-रेखा विधिमा प्रो-राटा आधारमा ह्रासकट्टी प्रदान गरिन्छ।

अनुमानित उपयोगी अवधी र सम्बद्ध दरहरूमा सम्पत्तिहरूको ह्रासकट्टी निम्नानुसार गरिने छनः

| विवरण | प्रयोग हुने समय (वर्ष) | ह्रासकट्टी दर (%) |
|---|---|---|
| भवन | | |
| स्थायी रूपमा स्वामित्वमा रहेको सम्पत्ती | ४०.०० | २.५० |
| लिजमा लिएको सम्पत्ती | ९.०० | ११.११ |
| कारखाना र मेसिनहरू | १४.२९ | ७.०० |
| कार्यालयका सामानहरू | १४.२९ | ७.०० |
| फर्निचर र फिक्सर्स | १४.२९ | ७.०० |
| कम्प्युटरका सामानहरू | ४.०० | २५.०० |

लिज (बहाल)

लिजको शुरुवातमा कुनै ब्यवस्थापन लिज सम्बन्धी ब्यवस्था (वा त्यसमा समावेश छ) वा छैन भन्ने निर्धारण गरिन्छ ।

व्यवस्था भनेको लिज हो वा त्यसमा समावेश समावेश भएको छ र यदि त्यो अधिकार व्यवस्थामा स्पष्ट रूपमा निर्दिष्ट गरिएको छैन भने पनि त्यो व्यवस्थाको पूर्ति कुनै विशेष सम्पत्ति वा सम्पत्तिको प्रयोगमा निर्भर छ र व्यवस्थाले सम्पत्ति वा सम्पत्तिहरु प्रयोग गर्ने अधिकार प्रदान गर्दछ ।

३१ असार २०८० मा समाप्त भएको वर्षको लागि लीजको लागि कुल नगद प्रवाह नेरू. २५५२०७१५२।- रहेको छ । लीज दायित्वहरूमा लाग्ने ब्याज नेरू. २,९६,३४,२८५।- छ ।

कम्पनीको लिजमा मुख्यतया भवनहरु र सवारी साधनहरु समावेश छन् । कम्पनीले आवासीय, उत्पादन र गोदाम सुविधाहरूको लागि भवन भाडामा लिन्छ ।

असार ३१, २०८० मा लेखा लिज दायित्व र उपयोगको अधिकारको तुलनामा भाडामा मापदण्ड अपनाएर कम्पनीको सम्पत्ति र दायित्व वृद्धिको अनुमानमा कुनै ठूलो भिन्नता छैन।

सम्पत्तीको प्रयोगको अधिकार र लिज सम्बन्धी दायित्व बारे थप विवरण नोट ५ र नोट १४ मा दिइएको छ।

कम्पनीले सम्झौताको शुरुवातमा यो सम्झौता हो वा यसमा लीज समावेश गर्दछ भनेर मूल्याङ्कन गर्दछ । मूल्याङ्कनमा यो निर्दिष्ट सम्पत्तिमा निर्भर छ कि छैन, कम्पनीले त्यो सम्पत्तिको प्रयोगबाट पर्याप्त रूपमा सबै आर्थिक लाभहरु समावेश गर्दछ, र कम्पनीलाई सम्पत्तिको प्रयोगको लागि निर्देशन गर्ने अधिकार छ कि छैन भन्ने बारे निर्णय गर्ने अभ्यास समावेश गर्दछ । कम्पनीले लिज प्रारम्भ भएको मितिमा प्रयोगको अधिकारको सम्पत्ति र लिज दायित्वलाई मान्यता दिन्छ । प्रयोगको अधिकारको सम्पत्ति प्रारम्भिक रूपमा लागतमा मापन गरिन्छ, जसमा प्रारम्भिक मितिमा वा अघि गरिएको कुनै पनि लिज भुक्तानीहरूको लागि समायोजन गरिएको लिज दायित्वको प्रारम्भिक रकम, साथै कुनै पनि प्रारम्भिक प्रत्यक्ष लागतहरु र भत्काउन र हटाउनको लागि चाहिने लागतहरूको अनुमान समावेश हुन्छ । अन्तर्निहित सम्पत्ति वा अन्तर्निहित सम्पत्ति पुनर्स्थापना गर्न वा जुन साइटमा यो अवस्थित छ सो भन्दा कम कुनै लिजलाइ प्रोत्साहन प्राप्त हुन्छ ।

सम्पत्ति प्रयोगको अधिकार पछिको प्रारम्भ मितिदेखि प्रयोगको अधिकारको सम्पत्तिको उपयोगी अवधीको अन्त्य वा लिज अवधिको अन्त्यसम्म सीधा-रेखा विधि प्रयोग गरी ह्रासकट्टी गरिन्छ । सम्पत्ति र उपकरणको रूपमा समान आधारमा प्रयोगको अधिकारको सम्पत्तिको अनुमानित उपयोगी अवधी निर्धारण गरिन्छ । साथै, सम्पत्ती प्रयोगको अधिकार भएमा त्यसको नोक्सानीको आधारमा आवधिकरूपमा घटाइन्छ र त्यसलाई लिजको दायित्वको निस्चित पुनः मापनकोलागि समायोजन गरिन्छ ।

लिजको दायित्व प्रारम्भिक मितिमा भुक्तान नगरिएकोमा लिजको भुक्तानीहरूको वर्तमान मूल्यमा मापन गरिन्छ, लिजमा निहित ब्याज दर प्रयोग गरेर छुट दिइन्छ वा, यदि त्यो दर सजिलै निर्धारण गर्न सकिँदैन भने, कम्पनीले बृद्धिहुनेगरी उधारोलाई कम्पनी, अवधि र सम्झौताको मुद्रादरलाइ विशिष्ट किसिमले प्रयोग गर्दछ । सामान्यतया, कम्पनीले आफ्नो वृद्धिहुनेगरी उधारो दरलाई छुट दरको रूपमा प्रयोग गर्दछ।

लिजको दायित्वको मापनमा समावेश गरिएको लिज भुक्तानीहरूमा निश्चित भुक्तानीहरु, परिवर्तनशील पट्टा भुक्तानीहरु समावेश हुन्छन जुन सूचकाङ्कमा निर्भर हुन्छन् वा प्रारम्भिक मितिमा थाहा भएको दर; र विस्तार वैकल्पिक भुक्तान वा खरिद विकल्पहरु जुन कम्पनीले अभ्यास गर्न यथोचित रूपमा निश्चित छ सोही अनुसार हुन्छ ।

सूचकांक वा दरमा निर्भर नहुने परिवर्तनीय लिज भुक्तानीहरु लिज दायित्व र ROU सम्पत्तिको मापनमा समावेश गरिएको छैन । सम्बन्धित भुक्तानीहरूलाई त्यो अवधिमा खर्चको रूपमा मान्यता दिइन्छ; जुन घटना वा अवस्थाले ती भुक्तानीहरूलाई ट्रिगर गर्छ र नाफा वा नोक्सानको विवरणमा "अन्य खर्च" लाई समावेश गर्दछ।

प्रारम्भ भएको मिति पछि लिज दायित्वहरूको रकमको ब्याज वृद्धिलाई प्रतिबिम्बित गर्न र पुनः नापिएको (सम्बन्धित ROU सम्पत्तिसँग सम्बन्धित समायोजनको साथ), जब भविष्यमा पट्टा भुक्तानीहरूमा परिवर्तन हुन्छ त्यसलाई पुनः सम्झौता, सूचकांक वा दरको परिवर्तन वा विकल्पहरूको पुनः मूल्याङ्कनको मामलामा लिजको भुक्तानीहरूको लागि घटाइन्छ ।

छोटो-अवधिका लिजहरु र कम-मूल्यको सम्पत्तिहरूको लिज

कम्पनीले छोटो अवधिको लिजहरु र कम मूल्य सम्पत्तिहरूको लागि प्रयोगको अधिकारको सम्पत्ति र लिजको दायित्वहरु पहिचान नगर्ने गरी छनौट गरेको छ र लीज अवधिमा सीधा-रेखाको आधारमा खर्चको रूपमा यी लीजहरूसँग सम्बन्धित लिज भुक्तानीहरूलाई मान्यता दिन्छ ।

२.२.६. अमुर्त सम्पत्ती:

अधिग्रहण लागत, खुद संचित परिशोधन र संचित हानि नोक्शानी, यदि कुनै छ भने, त्यसलाई अमूर्त सम्पत्तिहरूमा उल्लेख गरिएको छ ।

खरिद गरिएका कम्प्यूटर सफ्टवेयर इजाजतपत्रहरु सफ्टवेयर प्राप्त गर्न र प्रयोग गर्न ल्याइएको लागतको आधारमा पूंजीकृत गरिन्छ । यी लागतहरु कम अनुमानित अवशिष्ट मूल्यहरु ५ वर्षको अनुमानित उपयोगी जीवनमा परिशोधित छन् । अमूर्त वस्तुहरूको अवशिष्ट मूल्य शून्य हुने अनुमान गरिएको छ ।

२.२.७. तेस्रो पक्षको उत्पादन स्थलहरुमा हुने उत्पादन

कम्पनीले आफ्नो इजाजतपत्र प्राप्त उत्पादनहरु अन्य तेस्रो-पक्ष निर्माताहरूसँग प्रशोधन शुल्कको रूपमा निश्चित दरमा भुक्तानी

गर्ने गरी उत्पादन गर्ने व्यवस्था गरेको छ । सामग्रीको खरिद मूल्य, त्यस्ता उत्पादकहरूलाई भुक्तानी गरिएको रुपान्तरण लागत र त्यस्ता गतिविधिहरूसँग सम्बन्धित वस्तुहरु (सामग्री र तयारी मालहरु) को स्टक कम्पनीको किताबहरूमा लेखिएको छ ।

२.२.८. ब्यापार र अन्य प्राप्यहरूः

व्यापार र अन्य प्राप्यहरु एक सक्रिय बजारमा उद्धृत नगरिएका निश्चित वा निर्धारण योग्य भुक्तानीहरु सहित गैर-व्युत्पन्न वित्तीय सम्पत्तिहरु हुन् । प्रारम्भिक मापन पछि, त्यस्ता वित्तीय सम्पत्तिहरु पछि कम हानि हुने प्रभावकारी ब्याज दर (EIR) विधि प्रयोग गरी परिशोधित लागतमा मापन गरिन्छ । ह्रासबाट उत्पन्न हुने नोक्शानीलाई नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ ।

२.२.९. मुल्यसूचीहरु

मुल्यसूचीहरु प्रारम्भमा लागतमा र पछि कम लागत वा विशुद्ध प्राप्तयोग्य मूल्यमा राखिन्छ । विशुद्ध प्राप्तियोग्य मूल्य भनेको व्यापारको सामान्य प्रक्रियामा अनुमानित बिक्री मूल्य, पूरा हुने अनुमानित लागत र बिक्री गर्न आवश्यक अनुमानित लागत हो । हालको स्थान र स्थितिमा ल्याउन लाग्ने लागत सूचीहरु निम्नानुसार उल्लेख गरिएको छः

| | | |
|---|---|---|
| कच्चा पदार्थ | - | भारित औसतमा आधारित वास्तविक लागत |
| प्याकेजिङ् मेटेरियल्स | - | भारित औसतमा आधारित वास्तविक लागत |
| प्रोमोसनल मेटेरियल्स | - | भारित औसतमा आधारित वास्तविक लागत |
| उत्पादित सामान | - | कच्चा माल, प्याकिङ सामग्रीको मूल्यमा, वस्तुहरूलाई हालको स्थान र अवस्थामा ल्याउन लाग्ने निश्चित र परिवर्तनशील उत्पादन ओभरहेडहरूको समानुपातिक हिस्सा । |
| वर्क इन प्रोग्रेस | - | कच्चा माल, प्याकिङ सामग्रीको मूल्यमा, वस्तुहरूलाई हालको स्थान र अवस्थामा ल्याउन लाग्ने निश्चित र परिवर्तनशील उत्पादन ओभरहेडहरूको समानुपातिक हिस्सा। |
| उपभोग्य सामानहरू र स्पेयरहरू | - | भारित औसतमा आधारित वास्तविक लागत |
| ट्रान्जिटका सामानहरू | - | वास्तविक लागतमा |

प्रयोग गर्न नसकिने वा क्षतिग्रस्त वा खराब भएको वा बजारमा बिक्री गर्न नसकिने अप्रचलित स्टकको लागि पूर्ण व्यवस्था गरिएको छ । बस्तुलाई प्रयोगको अवधिमा अप्रचलित सूचीको प्रयोगको हदसम्म लाभ वा नोक्सानको विवरणमा समायोजन गरिन्छ।

२.२.१०. नगद र नगद बराबर

नगद र नगद बरावर भन्नाले नगद कै रुपमा हातमा रहेको नगद, डिमान्ड डिपोजिट र छोटो अवधिको उच्च तरल लगानी, सजिलैसँग नगदको रुपमा परिवर्तनीय र मूल्यमा परिवर्तनको नगण्य जोखिमको अधीनमा परिभाषित गरिन्छ ।

नगद प्रवाह विवरणहरूको उद्देश्यका लागि, नगद र नगद बराबरहरु हातमा रहेको नगद र बैंकहरूमा ब्यालेन्स समावेश छन् ।

२.२.११. वित्तिय सम्पत्तीको ह्रासः

कम्पनीको वित्तीय सम्पत्तिको अ. ल्या. मूल्यमा ह्रासको संकेत भए नभएको यकिन गर्नका लागि हरेक वासलात मितिमा पुर्नविचार गरिएकोछ । यदि त्यस्ता संकेतहरु भएमा उक्त सम्पत्तिको पुनः प्राप्य रकममा अनुमान गरिएको छ । ह्रासबाट भएको हानीलाई त्यतिखेर पहिचान गरिएकोछ जतिखेर सम्पत्तिको मुल्य भन्दा पुन प्राप्य रकम बढीहुन्छ । ह्रासभएको सम्पत्तिहरुलाई नाफा नोक्सान हिसावमा पहिचान गरिएको छ ।

२.२.१२ शेयरपुँजी

वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिभाषा अन्तर्गत नपर्ने अवस्थासम्म कम्पनीले जारी गरेका वित्तीय उपकरणहरुलाई इक्विटीको रुपमा वर्गिकरण गरिएका छन् । कम्पनीको इक्विटी शेयरहरुलाई इक्विटी उपकरणमा वर्गिकरण गरिएको छ ।

२.२.१३ चालु वि. गैर-चालु वर्गीकरण

वित्तीय अवस्था सम्बन्धी विवरणमा रहेका कम्पनीको सम्पत्ति तथा दायित्व चालु तथा गैह्र चालु वर्गिकरणमा आधारित रहेकोछ । उत्पादनको प्रकृति र प्रक्रियागत चरणका लागि सम्पत्ति उपार्जनमा लागेको समय तथा त्यसका नगद वा सो सरह प्राप्तिमा आधारित रहेर सम्पत्ति र दायित्वको चालु र गैह्रचालु उपकरणका लागि कम्पनीले आफ्नो संचालन चक्रलाई १२ महिनामा निर्धारण गरेको छ ।

यस कम्पनीले सम्पत्तिलाई देहाय बमोजिम चालुमा वर्गिकरण गरेको छः

- प्राप्त हुन एकिन भएको वा बिक्री गर्न लागिएको अथवा सामान्य संचालन चक्र अनुरुप खपत गरिएको,

- मुख्यतया व्यापार गर्ने उदेश्यले राखिएको,
- प्रतिवेदित अवधिको १२ महिना भित्रमा प्राप्त हुने भएको, वा
- साटफेर गर्न निषेधित वा प्रतिवेदन अवधि पछि कम्तिमा १२ महिनामा दायित्व मिलान गर्नका लागि प्रयोग गरिएको बाहेक नगद वा नगद सरह

अन्य सबै सम्पतिहरु गैह्र-चालुमा वर्गिकरण गरिएको छ ।

कम्पनीले निम्न अनुसार चालु दायित्व अन्तर्गत वर्गिकरण गरेको छः

- यो सामान्य संचालन चक्रमा भुक्तानी गरिने अपेक्षा गरिएको,
- यो प्राथमिक रूपमा व्यापारको लागि भएको,
- यसको बक्यौदा प्रतिवेदित अवधिको १२ महिना भित्रमा भुक्तानी गर्न सकिने, वा
- प्रतिवेदन अवधि पछी कम्तिमा १२ महिना सम्म यसको भुक्तानीका लागि विलम्बित सक्ने कुनै शर्त रहित अधिकार नभएको अन्य सबैलाई अचल दायित्वको रुपमा वर्गीकृत गरिएको छ ।

विलम्बित कर सम्पत्ति तथा दायित्वहरुलाई गैर-चालु सम्पत्ति र दायित्वको रूपमा वर्गीकृत गरिएको छ ।

२.२.१४. रोजगारीका फाइदाहरु

कम्पनीसँग सामाजिक सुरक्षा ऐन, २०७५ र श्रम ऐन, २०७४ बमोजिम कर्मचारी सेवा नियमावली बमोजिम सामाजिक सुरक्षा कोष, अन्य अवकाश लाभ र संचित बिदा जस्ता रोजगारी सुविधाका योजनाहरु छन् ।

परिभाषित योगदान योजनाः

परिभाषित योगदान योजनाहरु रोजगारी पछीको लाभ योजनाहरु हुन् जस अन्तर्गत कम्पनीले राज्य व्यवस्थित सेवानिवृत्ति लाभ योजनाहरूमा निश्चित योगदानहरु भुक्तान गर्दछ र यदि चालु र अघिल्लो आर्थिक वर्षहरूमा कर्मचारी सेवाहरूसँग सम्बन्धित सबै कर्मचारी लाभहरु राज्य व्यवस्थित कोषले भुक्तानी गर्न पर्याप्त सम्पत्ति राख्दैन भने थप योगदानहरु तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुनेछैन । परिभाषित योगदान योजनाहरूमा कम्पनीको योगदानलाई सम्बन्धित आर्थिक वर्षमा नाफा वा नोक्सानको विवरणमा कर्मचारी लाभ खर्चको रूपमा हिसाब गरिन्छ ।

कम्पनी सामाजिक सुरक्षा कोष (SSF) मा दर्ता छ र सामाजिक सुरक्षा कोष योगदान को सबै सेवानिवृत्ति सुविधाहरु (संचय कोष, सामाजिक सुरक्षा कर, उपदान र कर्मचारीहरुलाई चिकित्सा बीमा) को लागि आधारभूत तलबको ३१% मासिक रूपमा जम्मा गरिन्छ ।

हिन्दुस्तान युनिलिभर लिमिटेडबाट सञ्चालित प्रबन्धकहरूको भविष्य र निवृत्तिभरण कोषमा योगदानहरु हिन्दुस्तान युनिलिभर लिमिटेडद्वारा सञ्चालित सञ्चय/पेन्सन कोषमा भुक्तानी गरिन्छ । परिभाषित योगदान योजनाहरूमा भएका योगदानहरु जस्तै सञ्चय कोषलाई नाफा वा नोक्सानको हिसाबमा राखिन्छ ।

परिभाषित लाभ योजनाहरु - अन्य अवकाश लाभ योजना

कम्पनीले अन्य अवकाश लाभहरूको रूपमा परिभाषित लाभहरु प्रदान गर्दछ । त्यस्ता परिभाषित लाभ योजनाहरु प्रति कम्पनीको दायित्व सरकारी ऋणपत्रहरूमा उपलब्ध उपज प्रयोग गरी हालको मूल्यमा छुट दिइएको अनुमानित इकाई क्रेडिट विधि प्रयोग गरी स्वतन्त्र एक्चुअरीहरूले रिपोर्टिङ मितिमा जस्तै मूल्याङ्कनका आधारमा हिसाब गरिन्छ ।

परिभाषित लाभमा दायित्वमा छुट दर लागू गरेर ब्याज गणना गरिन्छ । कम्पनीले नाफा वा नोक्सानको हिसाबमा परिभाषित लाभ दायित्वमा निम्न परिवर्तनहरूलाई मान्यता दिन्छः

- सेवा लागतहरूमा वर्तमान सेवा लागतहरु र विगतको सेवा लागतहरु समावेश हुन्छ ।
- ब्याज खर्च

योजना भित्रको अनुमान वा अनुभवमा परिवर्तनको कारणले वर्षमा दायित्वहरूमा कुनै पनि परिवर्तनहरु, तिनीहरु उत्पन्न भएको अवधिमा अन्य व्यापक आयमा हिसाब गरिन्छन ।

कम्पनीको चालु र गैर-चालुमा हुने खुद दायित्वको वर्गीकरण एक्चुरियल मूल्याङ्कन प्रतिवेदन अनुसार हुन्छ ।

अन्य अवकाश लाभ एक गैह्र-लगानी योजना हो जहाँ एक निश्चित रकम छुट्याएको समयमा भुक्तान गरिन्छ । भुक्तानी गर्नुपर्ने यो निश्चित रकम सेवाको वर्षको आधारमा निर्धारण गरिन्छ र कम्तीमा ५ वर्ष सेवा पूरा गरेका तल्ला तहका कामदारहरुलाई मात्र लागू हुन्छ।

**अन्य दीर्घकालीन रोजगारीका लाभहरु**

कर्मचारीलाई ९० दिनको नगद बराबरको सञ्चित र उपयोग नभएको घर बिदा र ९० दिनभन्दा बढीको संचित बिदामा गरेको सेवामा रहँदा नगद प्रदान गरिनेछ । साथै, कर्मचारीहरुलाई संचित बिरामी बिदाको ४५ दिनको नगद बराबरको भुक्तानी गर्ने वैधानिक हक छ र ४५ दिन भन्दा बढीको संचित बिरामी बिदा वापत सेवामा रहँदा नगदै प्रदान गरिन्छ । दायित्व प्रोजेक्टेड क्रेडिट मेथड प्रयोग गरी गणना गरिन्छ र सरकारी ऋणपत्रहरूमा उपलब्ध मुनाफा प्रयोग गरेर यसको चालु मूल्यमा छुट दिइन्छ । सेवा लागत, ब्याज लागत र वास्तविक लाभ/हानि नाफा वा नोक्सानको विवरणमा हिसाब गरिन्छ ।

**जगेडा आवाश कोष**

श्रम ऐन २०४८ को दफा ४१(२) बमोजिम आर्थिक वर्ष २०७३-७४ सम्म कर्मचारी आवास निर्माणका लागि विनियोजन गरिएको थियो । संशोधित श्रम ऐन, २०७४ २०७४ भाद्र १९ गते लागु भएपछी कर्मचारी आवास कोषको बाँडफाँडको व्यवस्था बन्द भएकोले कम्पनीले आर्थिक वर्ष २०७४-७५ देखि त्यस्तो वाँडफाँढ गरेको छैन।

वर्षौंदेखि आवास रिजर्भ अन्तर्गत रकम जम्मा भएको हुनाले, श्रम सम्बन्ध समिति (LRC) (पूर्व श्रम ऐन, २०४८ को दफा ४१ अन्तर्गत गठन गरिएको) ले संचित आवास कोषको उपयोगको लागि अघिल्लो आर्थिक वर्ष २०७७-०७८ को अवधिमा "निवृत्ति लाभ योजना" ल्याएको थियो ।

चालू आर्थिक बर्षको अवधिमा अवकाश लाभ योजना जगेडा अन्तर्गत योग्यता भएका कर्मचारीहरुलाई नेरू. ५,६०२,९८५।- भुक्तानी गरिएको थियो । (आर्थिक वर्ष २०७८-७९ को लागि नेरू. १४७५२८३९।-)

२.२.१५ कर

**आयकर**

यस वर्षको लागि नाफा वा नोक्सानमा आयकर हालको कर र स्थगित करहरु समावेश गरिएको छ । आयकर, जुन हदसम्म यो इक्विटीमा प्रत्यक्ष रुपमा मान्यता प्राप्त वस्तुहरूसँग सम्बन्धित छ सोही अनुपातमा नाफा वा नोक्सानको हिसाबमा राखिन्छ ।

**चालु कर**

हालको कर वासलातको मितिमा कर दरहरु प्रयोग गरी वर्षको र अघिल्लो वर्षहरुको सन्दर्भमा तिर्ने करमा कुनै समायोजन लागि करयोग्य आम्दानीमा तिर्ने अपेक्षित कर हो ।

**कम्पनीमा लागु हुने आयकरः**

बस्तुको उत्पादन र विक्रिबाट हुने आयः २०% (२०७८।०७९:२०%)

एलिडा सेवा बिक्री/पहुँचमा लाग्ने शुल्कमा बाट आयः २५% (२०७७।०७८:२५%)

कम्पनीले आयकर ऐन, २०५८ को दफा ११ (३ छ) बमोजिम वस्तुको उत्पादन र बिक्रीबाट हुने आयमा कर दायित्वमा १५% छुट पाएको छ र यसरी उत्पादन तथा बिक्रीबाट हुने आम्दानीमा कम्पनीलाई लाग्ने कर दर सामान छुट प्राप्त गरेपछि १७% रहेको छ ।

**स्थगित कर**

स्थगित करलाई वित्तीय प्रतिवेदनको प्रयोजनको लागि सम्पत्ति र दायित्वहरु र कर प्रयोजनका लागि प्रयोग गरिएको रकमहरु बीचको अस्थायी भिन्नताहरु प्रदान गर्दै वासलातमा दायित्व विधि प्रयोग गरी प्रदान गरिएको छ । प्रदान गरिएको स्थगित करको रकम वासलात मितिमा कर दरहरु प्रयोग गरेर सम्पत्ति र दायित्वहरु वहन रकमको अपेक्षित प्राप्ति वा फर्छ्यौटमा आधारित रहेकोछ ।

मुख्य अस्थायी भिन्नता स्थिर सम्पत्तिको ह्रास, अवकाश पछिको लाभ र अन्य कर्मचारी लाभहरुको प्रावधान, CSR को प्रावधान, सूची अप्रचलित भत्ता, शंकास्पद ऋणको प्रावधान र अन्य प्रावधानहरुबाट उत्पन्न हुन्छ।

२.२.१६. व्यापार र अन्यभुक्तानी गर्नुपर्ने रकम

व्यापार र अन्य भुक्तानीहरुको प्रारम्भमा उचित मूल्यमा हिसाब राखिन्छ र पछि परिशोधित लागतमा लगाइन्छ । यी उपकरणहरुको छोटो परिपक्वताको कारणले बहन गर्नुपर्ने रकमलाई अनुमानित उचित मूल्य मानी हिसाब गरिन्छ ।

२.२.१७ आम्दानीको हिसाबः

आय लेखाङ्कनको लागि देहाय बमोजिमका विशेष आधारहरु प्रयोग गरिएका छन्:

**वस्तुको विक्री**

बिक्री भइरहेको वस्तुहरुको नियन्त्रण ग्राहकलाई हस्तान्तरण गरिन्छ र त्यहाँ कुनै पनि अपूर्ण दायित्वहरु बाँकी नभएको अवस्थामा वस्तुको बिक्रीबाट प्राप्तहुने आम्दानीको यकिन गरिन्छ । ग्राहकसँग भएका शर्तहरुको आधारमा बस्तुको प्रेषण, डेलिभरी वा औपचारिकरुपमा ग्राहकले स्विकार गरेको समयमा हाम्रा सम्भौताहरुमा कार्यसम्पादन दायित्वहरु पूरा हुन्छन् । कुनै पनि व्यापारिक छुट, भोल्युम छूट, मूल्य कटौती, र अप्रत्यक्ष कभरेज सब्सिडी, छूट, प्रोत्साहन, बिक्री कर र अन्त:शुल्क (उत्पादित र आउटसोर्स गरिएका सामानहरुमा) को कटौती पछि प्राप्त भएको वा प्राप्त हुने कुराको विचारगरी उचित मूल्यमा आम्दानी मापन गरिन्छ। संचित अनुभव यस्तो छुट र छूट को लागी प्रावधान अनुमान गर्न प्रयोग गरिन्छ। सारभुतरुपमा फरक पर्ने अत्यधिकरुपमा सम्भावना नभएको हदसम्म मात्र राजस्वले मान्यता प्राप्त गर्दछ । कम्पनीले अख्तियारी प्रदान गरिसके पछी मात्र ग्राहकलाई सामान फिर्ता गर्ने करारीय अधिकार हुन्छ । फिर्ता गरिने सामानहरुको अनुमान गरेर अनुभवको आधारमा उत्कृष्ट अनुमानको प्रयोग गरेर यस खर्चको लागि दायित्व पहिचान गरिन्छ।

ब्याज आयः

ब्याज आम्दानीलाई समय समानुपातिक आधारमा लेखाङ्कन गरिएको छ ।

आम्दानी मापन

आम्दानीलाई प्राप्त भएको वा प्राप्तहुने उचित मुल्यामा मापन गरिन्छ ।

२.२.१८. खर्चहरू

कर्मचारीको बोनस:

कर्मचारी बोनस बोनस ऐन, २०३० को प्रावधान अनुसार गणना गरिन्छ । कम्पनीले निम्नानुसार कर्मचारी बोनस गणना र लागु गरेको छः -

रकम नेरू. मा

| विवरण | मुल्य नेरूमा |
|---|---|
| कर अगाडीको मुनाफा (PBT) | २,२३,९२,४०,५३३।- |
| थपः PBT मा समावेस भएको बोनसको वाँडफाँड | २५,१३,१७,६८०।- |
| थपः औद्योगिक ब्यवसाय ऐन, २०७६ अनुसार ऋक्ष को वाँडफाड | २,२६,१८,५९१।- |
| **PBT को लागि बोनसको गणना** | **२,५१,३१,७६,८०४।-** |
| **१०% बोनस** | **२५,१३,१७,६८०।-** |

संस्थागत सामाजिक उत्तरदायित्व (CSR) सम्बन्धी प्रावधान

औद्योगिक ब्यवसाय ऐन २०७३ ("पहिलेको ऐन") खारेज गर्दै २०७६-१०-२८ देखि लागू भएको औद्योगिक ब्यवसाय ऐन २०७६ ("ऐन") अनुसार CSR खर्च लेखिएको छ । औद्योगिक ब्यवसाय ऐन २०७६ को दफा ५४ ले संस्थागत सामाजिक उत्तरदायित्व ("सीएसआर सम्बन्धी प्रावधान") मा प्रयोग गरिने वार्षिक खुद नाफाको १% विनियोजन गर्न अनिवार्य गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्वका लागि सिर्जना भएको कोष वार्षिक योजना तथा कार्यक्रमका आधारमा हुन्छ तर ऐन बमोजिम बनेको नियमावलीमा तोकिएका क्षेत्रमा उपयोग गर्नुपर्नेछ । संस्थागत सामाजिक उत्तरदायित्वमा संकलित कोषको उपयोगको प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र सम्बन्धित सरकारी निकायमा बुझाउनुपर्ने हुन्छ ।

कम्पनीले औद्योगिक ब्यवसाय ऐन २०७६ को प्रावधान अनुसार निम्नानुसार CSR गणना र वाँडफाड गरिएको छः

रकम नेरू. मा

| विवरण | मुल्य नेरूमा |
|---|---|
| कर अघिको मुनाफा | २,२३९,२४०,५३३ |
| थपः औद्योगिक ब्यवसाय ऐन २०७६ अनुसार CSR को वाँडफाड | २२,६१८,५९१ |
| **CSR को लागि चाहिने PBT** | **२,२६१,८५९,१२४** |
| **औद्योगिक ब्यवसाय ऐन अनुसार १%का दरले CSR को वाँडफाड** | **२२,६१८,५९१** |

## लेखा परीक्षकको पारिश्रमिक र खर्च

रकम नेरू. मा

| Particulars | Amount in NPR |
|---|---|
| बैधानिक लेखापरिक्षण शुल्क | ४६७,५०० |
| कर लेखापरिक्षण शुल्क | २३१,००० |
| समुहगत प्रतिवेदनको लेखापरिक्षण शुल्क | १६५,००० |
| त्रैमासिक सिमित पुनरावलोकन | ११५,००० |
| श्रम लेखापरिक्षण शुल्क | ६६,००० |
| आउट-अफ-पकेट खर्चको परिपुर्ति | १७,६३३ |
| **जम्मा** | **१,०६२,१३३** |

२.२.१९ पार्टीहरुसँगको कारोवारसँग सम्बन्धित:

(क) सम्बन्ध

कम्पनी हिन्दुस्तान युनिलिभर लिमिटेड द्वारा नियन्त्रित छ जसको कम्पनीको ८०% शेयर स्वामित्व रहेको छ । सिबक्रिम होल्डिङ्ग प्रा.लि.ले कम्पनीको ५% स्वामित्वमा लिएको छ भने बाँकी १५% शेयर सर्वसाधारणको स्वामित्वमा रहेको छ ।

| सम्बन्ध | सम्बन्धित पक्ष |
|---|---|
| मुल कम्पनी | हिन्दुस्थान लिभर लिमिटेड |
| वास्तविक मुल कम्पनी | युनिलिभर पिएलसी |
| साथी र समूह सहायकहरु | युनिलिभर इण्डिया एक्स्पोर्ट लिमिटेड |
| | पिटि युनिलिभर ओलिओकेमिकल ईण्डोनेशिया युनिलिभर युकेसिआर लिमिटेड युके |
| | युनिलिभर एनभी नेदरल्याण्ड |
| | युनिलिभर युरोप बिजिनेश सेन्टर बीभि. नेदरल्याण्ड |
| | युनिलिभर एशिया प्रा.लि. |
| महत्वपुर्ण प्रभाव | सिबक्रिम होल्डिङ्स प्रा.लि. |
| प्रमुख व्यवस्थापकीय कर्मचारी | अम्लान मुखर्जी |

## प्रमुख व्यवस्थापन कर्मचारीहरु संगको कारोवार

## प्रमुख व्यवस्थापन कर्मचारीको क्षतिपूर्ति

| विवरणहरू | चालु वर्ष (नेरू) | विगत वर्षको (नेरू) |
|---|---|---|
| छोटो अवधीको लाभ | ४,८१,५३,४६६।- | ७,७५,७४,४८।- |
| अवकाश पछीको लाभ | छैन | छैन |
| अन्य दिर्घकालिन लाभ | छैन | छैन |
| अवकासको लाभ | छैन | छैन |
| शेयरमा आधारित भुक्तानी | छैन | छैन |

द्रष्टब्यः - तालिकामा उल्लेख गरिएका रकमहरु प्रमुख व्यवस्थापन कर्मचारीहरूसँग सम्बन्धित रिपोर्टिङ अवधिमा खर्चको रूपमा हिसाब गरिएका रकमहरु हुन् । साथै, बिदाको रकम भुक्तानीका लागि हुने दायित्वहरु कम्पनीको लागि वास्तविक आधारमा प्रदान गरिन्छ, त्यसैले प्रमुख व्यवस्थापन कर्मचारीहरूसँग सम्बन्धित रकमहरु माथि समावेश गरिएको छैन।

## ख. अन्य सम्बन्धित पार्टिसँगको कारोवार

रकम नेरू मा

| विवरणहरू | | कारोबार | | बक्यौता मौज्दात | |
|---|---|---|---|---|---|
| | | चालु वर्ष (नेरू) | गतवर्ष (नेरू) | चालु वर्ष (नेरू) | गतवर्ष (नेरू) |
| मुल कम्पनी (HUL) | रोयल्टी | १४,९५,८६,५३६।- | १३,४६,२४,६८५।- | १२७,१४८,५५६।- | ११,४४,३०,९८२।- |
| | लाभांश | ८९,४९,२०,४००।- | ४७,८७,६४,०००।- | ४,२५,३८७।- | - |
| | SAP कार्यान्वन खर्च | - | - | १५,६५,७३९।- | १५,६५,७३९।- |
| | SAP रिकरीङ खर्च | - | - | - | - |
| | परीक्षण प्रतिपूर्तिको खर्च | - | (२६,०४,९४१।-) | - | (२६,०४,९४१।-) |
| अन्तिम मुल कम्पनी (Unilever PLC) | रोयल्टी | ६,४३,९७,५४२।- | ७,३६,७६,९५१।- | ५,९०,५९,१०७।- | ७,६२,९२,९७१।- |
| साथी र समूह सहायकहरु | युनिलिभर इण्डिया एक्सपोर्ट लिमिटेडबाट कच्चा पदार्थ खरिद | | - | | - |
| | PT युनिलिभर ओलिओकेमिकल बाट कच्चा पदार्थ खरिद | १०,३७,०२,००२।- | ३,७३,७१,३५१।- | - | १,९२,८६७।- |
| | युनिलिभर UKCR लिमिटेड, UK बाट मार्केटरहरूलाई प्रशिक्षण कार्यक्रमहरूको लागि डेबिट नोट | - | | १०,९६,२०१।- | १०,९६,२०१।- |
| | युनिलिभर UKCR लिमिटेड, UK बाट IC GM Talent Pool को लागि डेबिट नोट | - | ३,३०,४८३।- | २,८०,९१०।- | २,८०,९१०।- |
| | युनिलिभर युकेसिआर लिमिटेड, युकेबाट सिनियर स्टार्टेजिक लिडरसिप भर्चुअल प्रोग्रामको लागि डेबिट नोट | १३,७३,६८५।- | | ११,६७,६३२।- | |
| | पुर्व प्रबन्ध तत्कालकद्वारा एमसिआइभी लगानीको लागि युनिलिभत एन.भि नेदरल्याण्डबाट डेबिट नोट | | | | |
| | युनिलिभर यूरोप बिजनेस सेन्टर B.V., नेदरल्याण्डको शेयर खर्चको लागि | | (१४,४१,८५,०९१।-) | | |
| | युनिलिभर यूरोप बिजनेस सेन्टर B.V. नेदरल्याण्डको ETS खर्च को लागी | | (२४,१५,१२,८७२।-) | | |
| | युनिलिभर एशिया प्रालि-लाबाला फरावी छुटको लागि | (१,९६,५९,६८५।-) | | | |
| | युनिलिभर N.V, नेदरल्याण्ड इन्टरनेशनल एलाइनी ऋण चार्जको लागि | ६४,११,२६२।- | ४४,३९,१०२।- | २,३१,३३,७२९।- | १,७५,८१,२१७।- |

सम्बन्धित पक्षहरूसँगको कारोवारका शर्तहरू:

वर्षको अन्त्यमा बाँकी रहेको मौज्दातहरु असुरक्षित र ब्याजमुक्त हुन्छन् र नगदमा भुक्तानी हुन्छ । त्यहाँ कुनै पनि सम्बन्धित पक्ष प्राप्य वा भुक्तान योग्यहरूको लागि कुनै ग्यारेन्टी प्रदान गरिएको वा प्राप्त गरिएको छैन । २०८० असार ३१ र २०७९ असार ३२ मा समाप्त भएको वर्षको लागि, कम्पनीले सम्बन्धित पक्षहरूबाट तिर्न बाँकी रकमहरु सम्बन्धी प्राप्यको कुनै ह्रासमा हिसाब गरेको छैन । यो मूल्याङ्कन प्रत्येक आर्थिक वर्षमा सम्बन्धित पक्षको आर्थिक स्थिति र सम्बन्धित पक्षले सञ्चालन गरेको बजारको जाँच गरी गरिन्छ।

२.२.२० प्रावधान र संयोगहरू:

विगतको घटनाको परिणामको रूपमा सम्भावित आर्थिक लाभहरु मूर्तरूप दिने स्रोतहरूको बहिर्गमन र दायित्वलाई व्यवस्थित गर्न आवश्यक हुने रकमको भरपर्दो अनुमानको आधारमा वर्तमानमा दायित्व (कानूनी वा रचनात्मक) बेहोर्नु पर्ने प्रावधानहरूलाई लेखाङ्कन गरिएको छ । वासलात मितिमा हालको दायित्व पूरा गर्न आवश्यक खर्चको उत्तम अनुमानमा प्रावधानहरु मापन गरिन्छ । यी प्रत्येक वर्षको अन्तिम मितिमा समीक्षा गरिन्छ र हालको अनुमान उपयुक्तताको विचार गरी समायोजन गरिएको ।

